नेपाल निजामती कर्मचारी संगठन
नवौ राष्ट्रिय अधिवेशनबाट पारित
**सांगठनिक प्रतिवेदन**
२७-२९ चैत्र २०६९, काठमाडौं

**आदरणीय अध्यक्षज्यू,**
**प्रतिनिधि एवं पर्यवेक्षकज्यूहरु,**
**हार्दिक अभिवादन ।**

हाम्रो देश नेपालको राजधानि शहर काठमाडौमा “**नयाँ संविधानमा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान, राजनीतिक अधिकार सहितको ट्रेड युनियन, हाम्रो अभियान”** भन्ने मूल नाराका साथ २०६९ चैत्र २७-२९ काठमाडौमा हुने नवौं राष्ट्रिय अधिवेशनको वन्दसत्रमा उपस्थित प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरुलाई सर्वप्रथम स्वागत अभिवादन गर्न चाहान्छु ।

मानव अधिकार, लोकतन्त्र, शान्ति, स्वतन्त्रता र सुशासनका पक्षमा लड्दा शाहदत प्राप्त गर्नु हुने आदरणीय शहीद मनोज जोशी -झपेन्द्र कार्कीलगायत इतिहासका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । संगठन केन्द्रिय कार्यसमितिका पुर्व कोषाध्यक्ष स्व दधिराम दाहाल लगायत यस अवधिमा असामयिक निधन हुनु भएका संगठनका पदाधिकारी, सदस्य, शुभेच्छुक एवं परिवारजनप्रति गहिरो दुःख एवं श्रद्धान्जली अर्पण गर्दै शोकाकुल परिवारका सदस्य र आफन्तजनप्रति समवेदना व्यक्त गर्दछु । सरकारको गैह्र जिम्मेवारीपन र शान्ति सुरक्षाको फितलो व्यवस्थापनका कारणले भएका अपहरण, जबरजस्ती चन्दा असुली, कुटपिट र हत्या जस्ता अमानवीय कार्यप्रति घोर भर्त्सना र निन्दा गर्दछु ।

**आदणिय मित्रहरु,**
संविधानसभाको निर्वाचन सम्पन्न भई आम नेपाली जनता एव हामी पेशाकर्मीहरुको आशा र भरोसाको केन्द्र संविधानसभामा कृयाशिल रहेको, जनक्रान्ति २०६२/०६३ ले उठान गरेका महत्वपुर्ण कार्यभारहरु संस्थागत गर्दै नयाँ संविधान निर्माण र दिगो शान्ति कायम हुने आशाका साथ संगठनको आठौं राष्ट्रिय अधिवेशन २०६६ माघ १५-१८ भैरहवामा सम्पन्न भएको ३ वर्षभन्दा वढी समय व्यतित भइसकेको छ । यस अवधिमा हामीले १०वटा केन्द्रिय वैठक,सचिवालय वैठक, केन्द्रिय परिषद्को तेह्रौ वैठक (२०६८ चैत्र २४-२५ भरतपुर, चितवन) सम्पन्न गर्दै नवौं राष्ट्रिय अधिवेशन सम्म आइपुगेका छौ । यस अवधिका साथै सांगठानिक गतिविधिहरुमा योगदान पु-याउनु हुने केन्द्रिय पदाधिकारी एव सदस्यहरु, सल्लाहकारज्यूहरु अग्रज संगठक, निर्वतमान एवं पुर्व पदाधिकारी सदस्य सवै जिल्ला/विभागीय कार्यसमितिहरु आम संगठक, शुभचिन्तकहरुमा हार्दिक कृतज्ञता प्रकट गर्न चाहान्छु । हामीले संगठनको गतिविधि हाम्रो जनमुखीपन, उत्तरदायि व्यवहार नैतिक चरित्रवाट जनसमुदाय एवं राष्ट्रमा छुट्टै पहिचान स्थापित गरी सकेका छौ । ट्रेडयुनियनमा आएको तिन “अ”को विकृति अवसरवाद, अराजकतावाद, र अर्थवाद चिन्तन र सोचवाट हाम्रो संगठनलाई वचाउन आजको चुनौति हो । गैरट्रेडयुनियन गतिविधिमा संलग्न अन्य ट्रेडयुनियनको भण्डाफोर र पर्दाफास नगर्दा सम्म ट्रेड युनियन आन्दोलनलाई गतिभ्रष्ट हुनवाट वचाउन सकिदैन । सो तर्फ हाम्रो ध्यान जानु जरुरी छ ।

आठौं राष्ट्रिय अधिवेशन सम्पन्न गरी रहदा जस्तो सहज परिस्थिती अहिले विद्यमान छैन । जननिर्वाचित प्रतिनिधिमूलक संस्था संविधान सभा वा व्यवस्थापिका संसद छैन, संवैधानिक अंग खाली भएका छन् । अराजकता, भ्रष्टाचार र मनपरितन्त्रले अड्डा जमाएको अवस्था रहेको छ । नयाँ जनादेशको लागि निर्वाचन हुने वातावरण वनीरहेको छैन । प्रजातन्त्रको जग स्थानिय निकाय जनप्रतिनिधि विहिन भएको एक दशक नाघी सकेको छ । सार्वजनिक प्रशासनमा राजनीतिक हस्तक्षेप चरम सिमामा पुगेको छ । तसर्थ यस्तो विषम परिस्थितीमा सम्पन्न हुन गईरहेको नवौं राष्ट्रिय अधिवेशन चुनौतिको भूमरीमा रहेको महशुस भएका छ ।

आदणिय प्रतिनिधि तथा पयवेक्षकज्यूहरु,

यिनै कुरालाई ध्यानमा राखेर हामीले संगठनको नवौं राष्ट्रिय अधिवेशनको कार्यसुची तय गरेका छौ । हामीले

वर्तमान अर्न्तराष्ट्रिय र राष्ट्रिय परिस्थितीको विश्लेषण र संश्लेषणका साथै विगतका अनुभव हरुको यथोचित मुल्याङ्कन गर्नु पर्ने छ । देशको परिवतित परिस्थितीमा हाम्रा सामु उपस्थित चुनौति र सम्भावनाहरुको लेखाजोखा गर्नु छ । हाम्रो आफनो स्थिती र वर्तमान राजनैतिक नेतृत्व, प्रशासनिक नेतृत्व, समाजको अपेक्षा, प्रतिस्पधि ट्रेड युनियन समेतको वस्तुनिष्ठ मूल्याङ्कन गरी निजामती सेवालाई जनमुखी वनाउने भावी योजना तर्जुमा गर्नु पर्दछ । वर्तमाननमा हामीले अंगीकार गरेको सिद्धान्त, नीति, कार्यनिति एवं कार्यदिशा र कार्यक्रमको समिक्षा गरी सम्मृद्ध वनाउन जरुरी हुन्छ ।

प्रिय मित्रहरु,
अव म नेपालको राष्ट्रिय परिस्थितीको विश्लेषण गर्न चाहान्छु ।

**राजनीतिक स्थिति :**
नेपाली समाज लामो समयदेखी अर्धसामन्ती र अर्धउपनिवेशी अवस्थामा रहदै आएको छ । थोरै औद्योगिकीकरण एवं यान्त्रिककरण्का कारण पूँजिवाद र श्रम शोषणको रुप समेत केही देखिन्छ । समाजका तिनवटा अन्तरविरोधहरु दलाल पूँजीवाद र जनताका वीचको अन्तरविरोध, सामान्तवाद र जनता वीचको अन्तरविरोध विश्व साम्राज्यवाद र राष्ट्रका विचको अन्तरविरोध मध्ये नेपाली समाजमा अहिले पनि आधारभुत अन्तर विरोधको रुपमा रहेका छन् ।

नेपाली समाजमा लोकतान्त्रिक संघर्षको विकास, शान्ति र विकास निर्माणको वाधकको रुपमा रहेको सामान्ती राजतन्त्रको अन्त्य भई सकेको छ । हाल राष्ट्र प्रमुखको रुपमा राजाको सट्टा राष्ट्रपतिको व्यवस्था भई सकेको छ । राजतन्त्र अन्त्य भएपनि समाजमा सामन्तवादका अन्य रुप पुर्ण रुपहरु समाप्त हुन सकेका छैनन् । ०६२/०६३सालको शान्तिपुर्ण जनक्रान्तिवाट नेपाल लोकतान्त्रीक गणतन्त्रमा रुपान्तरण भएपनि लोकतन्त्रको पुर्ण र संस्थागत विकाश हुन सकिरहेको छैन् । संविधान निर्माण नभई संविधान सभाको हत्या भयो । जातीय र साम्प्रदायिक विषयलाई प्रवेश गराई नेपालको संविधान सभालाई अक्रमण्य वनाईयो । एनेकपा(माओवादी) को सत्ताकव्जाको सर्वसत्तावादी मानसिकताहरु, भ्रष्टाचारी मनोवृत्ति लगायतका कारण राजनैतिक सहमतीको वातावरण वन्न सकिरहेको छैन । जननिर्वाचित संस्थाको वहाली मात्र नेपाली राजनीतिको सहज निकास हो । जनअनुमोदन विनाको २५ वर्षे सत्ताको सपना देख्नु सर्वसत्तावाद र निरंकुशता वाहेक केहि हुन सक्दैन ।

एनेकपा माओवादी हट, सर्वसत्तावादी निरकुश मनोवृत्ति लगायतका कारण नेपाली लोकतन्त्र क्रमशः कमजोर हुदै गएको छ । राष्ट्रियता कमजोर भएको छ, विदेशी हस्तक्षेप वढ्दो छ, अराजकता र अनिश्चितताको स्थिती श्रृजना भएको छ । निर्वाचन आयोग लगायत संवैधानीक अंगलहरुको पुर्णता, राष्ट्रिय सहमती र नयाँ निर्वाचन तर्फ जनमत तयार गर्नु नै वर्तमान राजनैतिक संकटको उपयुक्त निकास हुन सक्द्छ ।

**सामाजिक स्थिति :**
वहुजातीय,वहुभाषिक, वहुसांस्कृतिक, वहुधार्मिक लागयत विविधतामा एकता नेपाली समाजको विशेषता हो । राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन अनुसार नेपालमा १२३ भाषा भाषी र १२६ जात जाति वसोवास गर्ने गरेको उल्लेख गरिएको छ । विगत लामो समयका निरकुश राणा शासन र पञ्चायती व्यवस्थामा सवै सामाजिक समुहलाई समान ढंगले विकसित र फक्रिन दिएन । केहि भाषा, सास्कृतिलाई मात्र वढी सुविधा र सहुलियत दिएको अवस्था थियो ।

नेपालमा देखिएका जातीय, भाषिक, सास्कृतिक, लैगिक, सामाजिक र क्षेत्रिय विभेदहरु सवै नै वर्गीय विभेदका कारण उत्पन्न भएका हुन् । वर्गीय विभेदलाई अन्त्य नगरी अन्य विभेदहरु अन्त हुन सक्दैन् । नेपाली जनसमुदायमा रहेको जुझारु र संघर्षशिल शक्तिलाई वर्ग संघर्षवाट विमुख गराई जातीय, भाषिक, क्षेत्रिय लगायतका विखण्डन र विभाजीत मनस्थिती श्रृजना गराउन एवं वर्ग संघर्षलाई निस्तेज गराउने काम भएको अवस्था छ । जाती, भाषा र क्षेत्रका आधारमा गर्न खोजिएका राज्य पुर्नसंरचनाले नयाँ नेपाल निर्माण सम्भव छैन । विविधतामा एकता नै नेपालको राज्य पुर्नसंरचना आधार वनाउनु पर्दछ । पहिचान भेटिने र द्वन्द्व मेटिने आधार सहित राज्यको पुनसंरचना हुनु पर्दछ । आर्थिक अवस्थालाई समावेशीकरणको आधार वनाउनु पर्नेमा जातको आधारमा समावेशीकरणलाई

अगाडी वढाउदा ठालु हस्तक्षेप(elitecapturing) वढेको छ । सामाजिक न्याय र सुरक्षाका कार्यक्रमको कमीका कारण समाजमा निराश र कुण्ठा वढेको अवस्था छ ।

साँस्कृतिक स्थिति :
नेपाली समाजमा लामो समयदेखी सामन्तीवादी, पुँजीवादी तथा साम्राज्यवादी संस्कृति हावी हुदै आएको छ । त्यसले गर्दा समाजमा दास, पराश्रमी, चाकडी र चाप्लुसी गर्ने भावनाको विकास भएका छ । शक्तिपुजा र व्यक्तिपुजाको चिन्तन र प्रवृति हावी भएको छ । नेपाल अझै पनि अन्धविश्वास र रुढीवादी जालो भित्रनै रहेको छ । नेपाली समाजमा सामान्तवाद क्रमश: पुजीवाद हुदै साम्राज्यवदी पुँजीवादी चिन्तन, विचार र प्रवृत्ति तर्फ अग्रसर हुदै छाडावाद, अराजकतावाद, आत्मसमपर्णवाद हुदै विखण्डवाद तर्फ मुखरित भएको सन्दर्भलाई विश्लेषण गर्दा नेपाली मौलिक संस्कृतिको संरक्षण र राष्ट्रिय अखण्डतामा समेत चुनौती श्रृजना भएको छ । वर्गसंघर्षको माध्यमवाट मात्र नेपाली मौलिक संस्कृति संरक्षण र विकास एवं राष्ट्रिय एकतालाई मजवुद वनाउन सम्भव हुने देखिन्छ ।

**आर्थिक स्थिति :**
संक्रमणकाललाई छिटो टुंग्याउन नसक्दा त्यसको प्रत्यक्ष प्रभाव नेपाली अर्थतन्त्रमा पर्ने गरेको छ । सदियौ देखि नेपालमा जरा गाडेर बसेको सामन्ती राजतन्त्रको जरा उखेलेको भए पनि नेपाली अर्थतन्त्रमा सामन्तबादको प्रभाव अझै रहँदै गएको छ । वैज्ञानिक भूमिसुधार लागु हुन नसक्दा केही मुठ्ठीभर सामन्तको हातमा नेपालको भूमि रहेको एवं नेपाली कृषि क्षेत्रमा अधिया, ठेक्का, कुत, व्याज मरौनी, चक्रबृद्धि व्याजको शोषण र उत्पीडन जारी नै रहेको छ । कमैया, हलिया प्रथा अन्तको घोषणा भए पनि जमीन माथि भूमिहीनको स्वामित्व स्थापित गर्न नसक्दा व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । भूमिहीन र गरीब किसानहरु ग्रामीण जमिनदार र सामन्तको शोषणमा पीडित नै छन् । नेपालमा पूँजीबाद भन्दा पनि दलाल नोकरशाही पूँजीबादको विकास भएको छ ।

नेपाल सामन्तबादबाट पूँजीवादको चरणमा आंशिक रुपमा प्रवेश गरिरहेको सन्दर्भमा उचित ज्याला एवं सामाजिक सुरक्षाको अभावमा औद्योगिक क्षेत्रका मजदुर पनि शोषित र पिडित नै छन । सिमित औद्योगिक घरानामा पनि सामन्तबाद चिन्तनमा परिवर्तन हुन सकेको छैन । उद्योगपतिमा रहेको सामन्ती मनोबृत्तिका कारण असल श्रम सम्बन्ध विकास हुन सकेको छैन ।

नेपालको अर्थतन्त्र ग्रामीण र शहर दुई अर्थतन्त्रमा विभक्त रहेको छ । शहर र ग्रामीण अर्थतन्त्रबीच विभेद रहेका छन । संविधानमा सरकार, निजी क्षेत्र र सहकारीमा आधारित तीन खम्बे अर्थतन्त्र/अर्थनीति लिने उल्लेख भए पनि सरकारी अर्थतन्त्रका आधार सार्वजनिक संस्थानहरु संस्थागत सुशासनको कमिको कारणले धारासायी वनिरहेको सहयात्री व्यापारमुखी भई सन्तोषजनक भूमिका निर्वाह गर्न नसकिरहेका निजीक्षेत्र स्वार्थप्रेरित, आत्मगत र दिगोविकाशको क्षेत्रका लगानी अगाडी वढाउन नसकी रहेको अवस्थामा छन् ।
नेपाल सरकार अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक सर्वेक्षण अनुसार आ.व.२०६८/६९ सम्मको नेपालीको प्रतिव्यक्ति कूल ग्रार्हस्थ उत्पादन ७३५ अमेरिकी डलर पुगेको छ भने राष्ट्रिय आयका आधारमा नेपालीको प्रति व्यक्ति आय ७४२ अमेरिकी डलर पुगेको छ । कूल ग्रार्हस्थ उत्पादनमा कृषिको योगदान ३५.६८ प्रतिशत, उद्योगको योगदान १४.०२ प्रतिशत र सेवा क्षेत्रको योगदान ५०.३१ प्रतिशत रहेको छ । नेपालमा निरपेक्ष गरीवीको रेखा मुनि रहेको जनसंख्या २५.२ प्रतिशत रहेको छ भने धनी गरीव वीचको भेद देखाउने गिनी सूचकांक ०.३३ रहेको छ । आर्श्चय चकित ढंगले धनि र गरिव विचको खाडल वढेको छ ।

समयमा बजेट नआएको, विनियोजित विकास बजेट खर्च हुन नसकेको लगायत भ्रष्टाचारको दलदलमा फसेको अवस्था रहेको छ । आ.व. २०६८/६९मा नेपालको कूल आयात रु.४९८अर्व र निर्यात रु.७४ अर्व भई व्यापार घाटा रु.४२४ रहेको छ । जुन अत्यन्त निराशाजनक छ । नेपालमा औद्योगिक लगानी र उद्यमशिलताको बाताबरण नबन्दा प्रत्येक वर्ष लाखौं नेपालीलाई विदेशिन परेको छ । विदेशमा गएका नेपाली सीपयुक्त र दक्ष नहुँदा खतरायुक्त, कठीन र अरुले नगर्ने फोहरी काम गर्न वाध्य हुनु परेको छ ।

अब हामीले राष्ट्रिय स्वाभिमानको अर्थतन्त्रको पुनर्निमाणमा जोड दिनु पर्दछ । अर्थतन्त्रको् पुनर्निमाणका लागि सरकार, नीजि क्षेत्र र सहकारी क्षेत्र समेतको तीन क्षेत्रमा सन्तुलन रहेको तीन खम्बे राष्ट्रिय अर्थतन्त्रलाई जोड दिनु पर्दछ । जस मार्फत आर्थिक विकास र रुपान्तरणलाई तीव्रता प्रदान गर्न सक्नु पर्दछ । जस मार्फत आर्थिक विकास र रुपान्तरणलाई तीव्रता प्रदान गर्न सक्नु पर्दछ । जलस्रोत, पर्यटनको अधिकतम उपयोग, खाईखेति प्रणाली अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार, कृषिको आधुनिकरण, लगायत सीप विकास र उद्यमशिलताका कार्यक्रम मार्फत औद्योगिकरणको वातावरण बनाउनु पर्दछ । पूर्वाधार विकास, उर्जाको उपलब्धता, श्रम, पूँजी, सेवा र व्यवस्थापनलाई प्रभावकारी र गतिशिल बनाउन सक्नु पर्दछ ।

स्वास्थ्य तथा शिक्षाको स्थिति :

राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन अनुसार नेपालको कूल साक्षरता दर ६५.९ प्रतिशत रहेको छ जसमा पुरुष ७५.१ प्रतिशत र महिला ५७.४ प्रतिशत रहेको देखिन्छ । नेपालको कूल साक्षरता दर एवं महिलाको साक्षरता दर त्यति राम्रो देखिदैन । स्वास्थ्यको अवस्था हेर्दा आर्थिक सर्वेक्षण २०६९ अनुसार २०६८ फागुन सम्म नेपालमा अस्पताल संख्या १०५, स्वास्थ्य चौकी २१७५, आयुर्वेद अस्पताल २९३वटा, रहेको उल्लेख छ । मातृ मृत्युदर, वाल मृत्युदर घटेको भए पनि विभिन्न नयाँ रोग र असाध्य रोगहरुको प्रभाव अझै गम्भीर हुँदै गएको अवस्था छ । नेपालमा शिक्षा, स्वास्थ्य यति महँगो भएको छ की सर्वसाधारण जनताको पहुँचमा भन्दा बाहिर पुगिरहेको अवस्था छ । धनी र गरीवका लागि छुट्टा छुट्टै शिक्षा र स्वास्थ्य संस्थाको वर्गीकरण भएको देख्दा सामन्तबादको जग अझ सुदृढ हुँदै गएको महशुस भएको छ । शिक्षा र स्वास्थ्य क्षेत्रलाई सबै भन्दा बढी नाफा कमाउने क्षेत्रको वर्गीकरण पार्दा पूँजीवादको चरम रुप समेत देख्न सकिन्छ । शिक्षा र स्वास्थ्यलाई राज्यको दायित्व भित्र पर्नु पर्दछ । गुणस्तरीय र व्यवसायिक शिक्षामा सर्वसाधारणलाई सर्वसुलभ बनाई उनीहरुको दक्षता विकास गरी मूलधारमा ल्याउनु पर्दछ ।

**अन्तर्राष्ट्रिय परिस्थिति :**

तीन वर्ष अघि आठौ राष्ट्रिय अधिवेशन समापन गरी यसका कार्यभार कार्यान्वयन गर्न हामी आफ्नो मिशनमा समर्पित भैरहदा विश्व रंगमंचमा अनेकौ उतारचढावहरु आएका छन् । ती सबै परिघटनाहरु मुलतः भूमण्डलीकरणको जगमा भएको देखिन्छ । साम्राज्यवादको चरणमा रहेको विश्व पूँजीवादको नाईकेअमेरिकाले यस प्रकृयाको आर्थिक तथा राजनैतिक आयामको नेतृत्व गरेको छ भने अन्य पश्चिमा देशहरुले उसलाई साथ दिदै आएका छन् । विश्वव्यापी रुपमा सूचना प्रविधि र यातायातको क्षेत्रमा आएको चमत्कारले गर्दा राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनमा समेत अप्रत्यासित परिवर्तन आएका छन् भने ती क्षेत्रमा आएका तिव्र परिवर्तनहरुले व्यवस्थापन र प्रशासनको क्षेत्रमा समेत  नयाँ विषयहरुलाई अभ्यासमा ल्याउन बाध्य बनाएका छन् । तेश्रो विश्वका विकासशिल तथा नवोदित अर्थतन्त्रहरु यस प्रकृयाका नकारात्मक प्रभावले थिचिएका छन् । गरिव राष्ट्र तथा त्यहाका नागरिकहरु आफ्नो अस्थित्व रक्षार्थ संघर्षरत छन । धनी तथा गरिव राष्ट्रहरुवीच रहेको वर्गीय द्वन्दलाई उजागर गर्दै २०१२ को अगस्तमा सम्पन्न असंलग्न राष्ट्रहरुको शिखर सम्मेलन, २०१२ को जून २२ मा सम्पन्न रिओ प्लस २० सम्मेलन, जी ८ को मे २०, २०१२ को सम्मेलन, मार्च १२, २०१२ मा भएको भारतमा सम्पन्न ब्रिक्सको चौथो सम्मेलन, विकासित राष्ट्रहरुको संस्था डि ८ को पाकिस्तानमा भएको सम्मेलन र जलवायु सम्बन्धी दोहा सम्मेलन जस्ता सबै फोरमहरुले विविध विषयका प्रस्तावहरु पारित गरिएका छन् । यसैगरी श्रमिक तथा पेशागत आन्दोलनसित प्रत्यक्ष र परोक्ष रुपमा सम्बन्धित समसामयिक विश्व घटनाहरु निम्न बमोजिम रहेका छन् ।

- भारतमा प्रणव मुखर्जी १३ औ राष्ट्रपति निर्वाचित ।

- जापानमा लिवरल डेमोक्रेटिक पार्टीका नेता सिन्जो आवेले आर्थिक सुधारको एजेन्डा लागू गर्ने वाचासहित प्रधानमन्त्री विजयी
- चीनमा चिनियां कम्युनिष्ठ पार्टीको अठारौ नेशनल कंग्रेसले सी पिङ.लाई महासचिव बनाउदै नयां नेतृत्व चयन गरेको र आर्थिक वृद्धि र भ्रष्टाचार नियन्त्रणलाई प्रमुख एजेण्डा बनाएको ।
- अन्तरीक्षमा आफ्नो प्रभाव जमाउने होडमा रहेको धनी राष्ट्रहरुले यसमा अथाह लगानी गर्ने तर गरिवीमा लगानी नगर्ने रोगले ग्रस्त भएको प्रमाण हो अमेरिकी स्पेश सटर जसलाई २.२ अर्ब अमेरिकी डलर लागतमा २९६ दिन अन्तरिक्षमा पठाई १९,७७,६१,२६२ कि.मी उडान गरी अमेरिकामा फर्कने काम ।
- चीन कोरिया र जापानवीच कोरियन प्रायद्धीपको सीमा विवाद चर्केको छ ।
- म्यानमारमा राजनैतिक सुधारले गति लिएको र आङसान सुकीलाई संसदमा निर्वाचित गरिएको छ ।
- भारत र पाकिस्तानले मिसाईल परीक्षण गरेका छन् । पाकिस्तानमा सरकार र अदालतवीच तनाव बढेको ।
- चीनले आफ्नो रक्षा बजेट बढाई १०६ अर्ब बनाएको र रक्षा खर्चमा १२ प्रतिशतले बढेको ।
- UNO ले प्यालेसटाईनलाई गैरसदस्यीय पर्यवेक्षकको मान्यता दिएको ।
- सामाजिक सुरक्षा तथा कल्याण जस्ता कार्यक्रममा निकै सरकारी लगानी गर्ने उद्घोष गर्दै भारतीय वजेट पेश भएको छ ।
- रक्षा खर्च कटौतिको पक्षमा रहेका रिपब्लिकन सिनेटरलाई अमेरिकी रक्षा मन्त्री बनाईएको छ ।
- चीनियां महिला लिउ येङले अन्तरीक्ष यात्रा पूरा गरी महिलाहरुको साहसको नमूना देखाएकी छिन।
- अमेरिकामा ४ वर्षे कार्यकालको लागि ओवामा दोश्रा पटक निर्वाचित भएका छन् ।
- ह्यूगो चाभेज भेनेज्वेलामा चौथो पटक राष्ट्रपतिमा निर्वाचित । यसै गरी रुस, फ्रान्स, ईजिप्ट, यमन, जस्ता राष्ट्रमा नयां नेतृत्व आएको । मालीमा सैनिक विद्रोह, ईजिप्टका पूर्व राष्ट्रपति होस्नीमुवारकलाई सजाय ।
- दक्षिण कोरियाले आफ्नो राजधानी सोलवाट ऐतिहासिक राजा सेजोङ द ग्रेटको को सम्झनामा सेजोङ सीटीमा सारेको ।
- अन्तरिक्षयात्री निल आर्मस्ट्रङ.को निधन अगस्त २५, २०१२ मा ।
- “Innocence of Muslim”नामक फिल्मले पैगम्वर मोहम्मदको अपमान गरेको भनी अरव देशहरु अमेरिका विरोधी आन्दोलनमा होमिएका ।
- विभिन्न ४२ वटा मापदण्ड प्रयोग गरी तयार गरिएको विश्व आर्थिक प्रतिवेदन २०१२ क्यानडामा प्रकाशित, विश्व आर्थिक स्वतन्त्रतामा सुधार, नेपाल ११७ स्थानवाट ११० औ स्थानमा आएको ।
- ६ दशकसम्म पनि पत्ता लगाउन नसकिएको ईश्वरीय कण ( Higgs Boson, God Particle ) नामक कण स्वीजरल्याण्डका वैज्ञानिकहरुले पत्ता लगाए । यसले बह्माण्डको उत्पत्ति सम्बन्धी रहस्य पत्ता लगाउन सक्ने विश्वास गरिएको ।
- लण्डन ओलमिपक यस वर्ष नै सम्पन्न, २३१ पदकसहित चीनको प्रथम स्थान, रुस र अमेरिका दोश्रो र तेश्रो । खेल नै मानव जीवनको लागि मनोरंजनको प्रमुख साधन सावित ।
- भारतमा नर्या वजेट पेश भएको छ र सरकारी खर्च कटौतिलाई मूल नीति बनाईएको छ ।
- भ्रष्टाचारको विरुद नागरिक समाज तथा धार्मिक समुदाय समेत सक्रिय रहेको अन्ना हजारे रामदेव जस्ता व्यक्तिको संलग्नता ।
- पेशागत आन्दोलनहरुले राज्यलाई नै निर्देशित गर्ने प्रवृत्ति संसारभर बढेको ।

माथि उल्लेखित घटना र प्रवृत्तिहरुको विश्लेषण गर्दा निम्न अवस्था रहेकोले ती सन्दर्भसहित हाम्रा नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिन्छ ।

१)विश्वव्यापीकरणलाई कार्यान्वयन गर्ने सबै पक्षहरुले पूजीलाई बढी स्वतन्त्रता (Freedom) रश्रमलाई सिक्री ( chain)को लागि अगुवाई गरेकाछन् । उदारिकरण र निजीकरणको वहानामा पुँजी प्रविधि, सूचना श्रम तथा वस्तु र सेवालाई राज्यको सीमा वाहिर सजिलै प्रवेश पाउने तर्क गरिए पनि श्रमिकले राज्यको सीमा वाहिर जादा भिसा सम्बन्धी व्यवस्थाहरुको माध्यामवाट स्वतन्त्रतामा थप जजिर लगाईएको छ । भूमण्डलीकरले यस अवधिमा सवै देशहरुमा धनीहरुको लागि उन्मक्ति कामदारवर्ग लागि बन्धनको जाल फैलाईएको छ । संसारका सबै देशहरुको अविभावक मानिएको संयुक्त राष्ट्र संघ समेत श्रमिक पक्षिय राज्य निर्माणमा वाधक बन्दै गएको छ । अमेरिका जस्ता साम्राज्यवादी देशहरुको मानवताविरोधी हस्तक्षेपलाई समेत टुलुटुलु हेर्न वा साथ दिन नै यस्ता संस्थाहरुको नियति बनेको छ । मध्यपूर्व, सिरिया र अफ्रिकी देशमा युरोपियन युनियन र अमेरिकाले लगाएका अनेक खालका प्रतिबन्धहरुको साक्षी बन्दै अन्य देशको आन्तरिक मामिलामा भएका हरेक हस्तक्षेपलाई लाहाछाप लगाउदै बढी आर्थिक अनुदान दिने धनी देशको पक्षपोषण गर्न UNO को कार्यशैली मा कमि आईरहेको छैन ।

२) विश्व बैक तथा मुद्रा कोष जस्ता अन्तर्राष्ट्रिय आर्थिक संस्थाहरु समेत गरिव र अल्प विकसित सदस्य राष्ट्रहरुको आन्तरिक अर्थतन्त्र कमजोर बनाउने आर्थिक नीतिको वकालत गर्दैछन् र तिनमाथि आत्मनिर्भर हुने उपायको साटो पराधिनतामा वाच्न बाध्य पार्ने गरी उदार आर्थिक तथा मौद्रिक नीतिकाजाल विस्तार गर्न सहयोग गर्दैछन् । आर्थिक विश्वव्यापीकरणले यी संस्थाहरुलाई आफ्नो प्रतिनिधिको रुपमा उपयोग गरेर नव उदारवादी साम्राज्यवादी स्वार्थको हित गर्ने र समाजवादी राज्य निर्माणको लागि तगाराहरु निर्माण र्ने कार्य गर्दै आएको छ । यसले शासकीय संरचना मात्र होईन, यसको कार्य प्रकृति र अभ्यासलाई पनि आफ्नो हितानूकुल बनाउन प्रत्यक्ष दवाव दिएको पाईन्छ । नव उदारवादका यी कार्यशैलीलाई आत्मसात गर्ने जनशक्तिलाई मात्र भित्रयाउने र स्वाभिमानी श्रमलाई खुला वजारमा मिल्काउने काम यी संस्थाहरुले गर्दै श्रमिक विरोधी नीतिहरु लागू गर्दे आएका छन् । यसले श्रमको सम्मान गर्ने संस्कृतिमा कमी आएको छ भने यान्त्रीकताको विकासले मानव श्रम विस्थापित भई वेरोजगारी बढ्ने अवस्था छ ।

३) चीन जस्ता समाजवादी देशमा समेत सरकारी सेवामा Outsourcing का नीतिको कार्यान्वयनले सेवा र श्रम अधिकारको असुरक्षा बढेको छ । यस क्रममा आर्थिक संकटवाट राज्यलाई मुक्त गर्न सरकारी सेवामा समेत तलव सुविधा घटाउने, कार्य समय बढाउने, रिनको चट्टान फोर्ने (Debt Cliff Reduction) को नीति अवलम्वन गर्दै अमेरिका, जर्मनी, वेलायत र युरोपियन राष्ट्रहरुमा सरकारी खर्च कटौति गरी सरकार आफैले आफ्ना कर्मचारी र श्रमिक वर्गको विचल्ली पार्दै छन् । यसले गर्दा मानव अधिकार घोषणा पत्रमा उल्लेखित मानव अधिकारहरु श्रमिकले उपभोग गर्न नसक्ने प्रवृत्ति बढ्दै गएको छ । प्रायः सबै देशहरुमा पेशागत र मजदुर आन्दोलहरुले तिव्रता पाएको र हाल विश्व श्रमिक आन्दोलनले वालस्ट्रिटवाट सबै स्ट्रिट"Wall Street to All Street" को नारा घन्काउदै समाजवादी नीतिहरुले मात्र पुजीवाद आर्थिक समस्याहरुको संकट मोचन गर्न सक्ने कुरा को वकालत गर्दै छन् । यसरी एकातिर विश्व साम्राज्यवादले आफ्नो आर्थिक संकटको लागि कार्ल मार्क्सको चर्चित किताव "पुजी" को अध्ययन गर्न बाध्य हुनु परेको छ भने अर्कोतिर चीन जस्ता मौलिक समाजवाद निर्माणमा लागेका समाजवादी अर्थ व्यवस्थाहरुले नव उदारवादका आर्थिक अस्त्रहरुको उपयोग गर्नु पर्ने वाध्यता सिर्जना हुने छ । संकटको घडीमा सरकारी संयन्त्र नै भरपर्दो सेवाप्रदयाक हो भन्ने मान्यतालाई Sandy नामक आधीले ल्याएको प्रलयलाई सम्वोधन गर्न अमेरिकी सरकारले देखाएको अग्रसरताले नै प्रष्ट पारेको छ । यसले new public service को अवधारणालाई आत्मसात गर्न प्ररित गरेको छ ।

४) सबै खालका आर्थिक संकटक, शोषण, मूल्यवृद्धि, भ्रष्टाचार तथा आर्थिक असमानताको कारण बनेको पुजीवादी आर्थिक प्रणालीले जस्तोसुकै नारा दिए पनि यो प्रणाली नै मानवीय मानवजाति माथिको सबै खालको अत्याचारको कारण हो भन्ने चेतना बढेर गएको छ । मानव जातिलाई वास्तविक मुक्ति दिन सक्ने भरपर्दो विकल्प चाहि वैज्ञानिक समाजवाद नै हो भन्ने अन्तराष्ट्रिय अनुभववाट प्रमाणित भएको छ । यसको लागि विश्व पेशागत तथा श्रमिक आन्दोलनलाई संगठित, सशक्त र प्रभावकारी गराउनु पर्ने रहेछ भन्ने शिक्षा समाजवादी मुलुक मात्र होईन स्वयम् साम्राज्यवाद देशहरुको संकटले समेत प्रष्ट पारेको छ । अमेरिकी सरकारले समेत खुला अर्थ व्यवस्थाको मान्यता विपरित निजी बैकहरुलाई सरकारी अनुदान सहयोग उपलब्ध गराएर आफ्नो अर्थ व्यवस्थालाई जोगाउने प्रयास गरेको घटनाले स्पष्ट पारेको छ कि वैज्ञानिक समाजवादी आर्थिक नीतिहरुको औषधीवाट मात्र विश्व पुजीवादको संकट टार्न सकिने रहेछ ।

५) संसारका सबै देशमा राजनैतिक प्रणाली, शासकीय ढाचा र अर्थतन्त्र जे जस्तो रुपमा भए पनि सार्वजनिक प्रशासनमा हाल देखिएका आम प्रचलन, प्रवृत्ति र अभ्यासहरुको अवलोकन गर्दा अव सरकारी सेवामा सामन्तवादी तथा पुजीवादी संस्कारहरु वेकाम भैसकेको र जनशक्तिको बहुलताले गर्दा कार्य संस्कृति पनि जटिल बन्दै गएको पाईन्छ । यस सन्दर्भमा एकातिर प्राज्ञिक वहश र निष्कर्षलाई आत्मसात गर्न दवाव सिर्जना भएको छ भने अर्कोतिर नागरिक मैत्री शासन प्रणालीलाई संस्थागत गर्न आवश्यक देखिएको छ । योग्यता प्रणालीको प्रयोग गर्ने चीनले समेत परम्परागत योग्यता प्रणालीलाई समाजवादी स्वभावको प्रतिस्प्रधी योग्यतामा आधारित सरकारी सेवा बनाउदै छ । सरकार वा बजारले मात्र जनतालाई न्याय दिन नसक्ने पाठ चीनको वजारमुखी समाजवाद निर्माणले सिकाएको छ ।यसमा हामीले बहश जारी राख्नु पर्ने देखिन्छ । एकाईसौ शताब्दीको सार्वजनिक प्रशासनमा देखिएका नविन प्रवृत्तिलाई हेर्दा आजकोसार्वजनिक सेवाले दक्षता, सुशासन, कानुनी शासन, प्रतिस्पर्धा, जवाफदेहिता,उत्तरदायित्व,मितव्ययिता, पेशागत व्यवसायिकता, निष्पक्षता,प्रशासनिक तटस्थता, प्रभावकारिता, समन्यायिकता, बहुलता, विशिष्टीकरण, नतिजामखी, गतिशिलता, तथा लोकतन्त्र जस्ता आधारभुत मान्यतालाई आत्मसात गर्न सक्नु पर्ने रहेछ भन्ने देखिन्छ । वर्तमान विश्वमा देखिएका सैद्धान्तिक तथा व्यवहारिक प्रवृत्ति, परिघटना र विश्व घटनाहरुको अनुभवको आधारमा हेर्दा अब श्रमिक तथा पेशागत आन्दोलनको कार्यभार पेशागत हकहित भन्दा माथि उठेर राष्ट्र निर्माणमा लाग्ने र जनसेवाको माध्यमवाट पेशागत आन्दोलनलाई लोकप्रिय बनाउनु पर्ने चुनौति थप भएका छन् । यी सबै विषयलाई मनन गरी हामीले आफ्ना आगामी रणनीति, नीति, कार्यक्रम र कार्ययोजना तय गर्नु पर्ने देखिन्छ ।

**नेपालको पेशागत आन्दोलन र नेपाल निजामती कर्मचारी संगठनका ऐतिहासिक घटनाक्रम**

- वि.सं. १९८३ मा ना.सु. कृष्णलाल अधिकारीबाट मकैको खेती नामक पुस्तक मार्फत नेपालको निरंकुश शासनको विरोध र एकादशी सभा मार्फत संगठित हुने अभ्यासको सुरुवात भयो ।
- वि.सं.२००७ को माघमा महेशवरमान छ्योचुको नेतृत्वमा अखिल नेपाल न्यून बैतनिक कर्मचारी संघको गठन गरी निजामती कर्मचारीहरुका मानव अधिकार, प्रजातन्त्रको पक्षमा आएको जनलहरले उत्पन्न गरेको चेतनाको उपयोग गरी खुल्ला रुपमा संगठित हुने अभ्यास र माग सहित आन्दोलनमा उत्रिएको र आर्थिक मागको रुपमा रहेको तलव बृद्धिको मागलाई ३०० प्रशित बृद्धि गर्न सफल भएपनि संघमाथि प्रतिबन्द लगाई संघको नेतृत्वलाई बर्खास्त गर्ने कार्य भयो ।
- निजामती प्रशासनलाई स्थायी सरकारको रुपमा निश्चित ऐन कानुन अनुसार संचालन गर्न निजामती सेवा ऐन, २०१३ लागू गर्ने कार्य भयो । विभिन्न समयमा उच्चस्तरीय प्रशासन सुधार आयोग, समिति, तलव आयोग, अध्ययन समुह आदि गठन गरी निजामती सेवालाई व्यवस्थित, सक्षम गतिशील र जनमुदी बनाउने प्रयत्न भयो, तर त्यसबाट आएका सुझावहरुलाई इमान्दारीपूर्वक कार्यान्वयन गर्ने कार्य भने भएनन् । ०४६ साल पूर्व गठित यस्ता आयोगहरु मूलतः सरकारको इच्छा अनुकुल हुने र सिफारिस समेत सोही बमोजिम हुने गर्दथे । कानुन

भन्दा ठूलाबडाहरु माथि हुने हुँदा र यस अवधिमा व्यापक अनियमितता र भ्रष्टाचार हुने गऱ्यो । कानुन जे भएपनि आदेशमा नै प्रशासन चल्यो जुन सानालाई ऐन भयो भने ठूलालाई चैनको रुपमा देखा पऱ्यो । जुन अवस्थामा कर्मचारीहरु औपचारिक संगठित हुन सकेनन् भने अनौपचारिक र गोप्य ढंगले आफ्ना कामलाई अगाडी बढाउने कार्य भने २०३६ सालको राजनैतिक आन्दोलनमा स्वाभिमानी कर्मचारीको नामबाट पर्चा वितरण र २०४६ को आन्दोलनमा जुलुश प्रदर्शनको कार्यले प्रष्ट हुन्छ । यस कार्यबाट नेपाल प्रजातान्त्रिक आन्दोलनमा निजामती कर्मचारीहरुको महत्वपूर्ण भूमिका देखिन्छ । २०४६ को जनआन्दोलनमा जागिरको पर्वाह नगरी आन्दोलनमा सहभागी भएका निजामती कर्मचारीहरुले प्रजातन्त्र पछि सबै पेशा, व्यवसाय र वर्गका समुदायबाट संगठित हुने कार्य भए झैं २०४६ चैत्र २६ गते ५ सदस्यीय भेला आयोजक समिति, २०४६ चैत्र ३१ मा दशौं हजारको् भेला र २०४७ बैशाख ७ गते हजारौं कर्मचारीको भेलाबाट “नेपाल निजामती कर्मचारी संगठन” गठन गरी तदर्थ समिति गठन भयो । देशका विभिन्न भागमा संगठित हुन नदिन भएको सरकारी प्रयासलाई कर्मचारीहरुको संगठित गर्जनले सरकारलाई झुकन वाध्य बनायो । तत्कालिन सा.प्र.सचिव बिमलाराज बस्नेतको अध्यक्षतामा संगठनको संगठनको समेत प्रतिनिधित्वमा अध्ययन कार्यदल बनाउने कार्य भयो । सोही कार्यदलको प्रतिवेदनको आधारमा २०४७ कार्तिक १९ गते संगठन विधिवत दर्ता भयो । प्रजातन्त्रको मिरमिरेमा जन्मिएको यस संगठनको नेतृत्वमा संविधानको घोषणा गर्न २०४७।७।२० मा भएको् बृहत प्रदर्शनले २०४७।७।२३ मा संविधान जारी गर्न सरकार बाध्य भयो ।

- संगठनले १०४ वर्षे पारिवारिक निरंकुश राणा शासन र ३० बर्षे निरंकुश एवं निर्दलीप पञ्चायती व्यवस्थाको अवशेषमा रहेको भ्रष्टाचार तथा ढिलासुस्तीको विरुद्धमा र निरंकुश, अप्रजातान्त्रिक र भ्रष्ट ततवहरु माथि कडा भन्दा कडा कारवाही गर्न, परिवर्तित व्यवस्था अनुसार प्रजातान्त्रिक मुल्य मान्यतामा आधारित जनमुखी प्रशासनको निर्माण गर्न, खान पुग्ने तलव र पर्याप्त जनसेवाको नीतिलाई अगाडी सार्दै जायज माग सहित २०४७ मंसिर २६ पुष ५ गतेसम्म देशको ७५ जिल्लामा सम्भवत पहिलो पटक आन्दोलन भयो उक्त आन्दोलनले उचाई लिएपछि सरकार संगठनसँग सम्झौता गर्न बाध्य भयो । सम्झौता पछि पनि सरकारले २०४७ फागुन ४ गतेबाट अधिकृतलाई सदस्यतामा वञ्चित गर्ने कार्य मात्र भएन २०४७ फागुन १२ गते **“नेपाल निजामती कर्मचारी संघ”** लाई प्रचलित कानुन विपरित दर्ता गरी सरकारबाट एकिकृत संगठनलाई विखण्डित गरी **“फुटाऊ र शासन गर”** को नीतिलाई अबलम्वन गर्ने कार्य भयो ।
- यसैगरी २०४७ पौष ५ गते भएको सम्झौता अनुसार तलब सुझाव कार्यदलले २०४८ बैशाखबाट लागु हुने गरी बुझाएको प्रतिवेदनलाई कार्यान्वयन गरेन । सरकार र कर्मचारीबीच झन् द्वन्द चर्कदै गयो । आफू लडेर ल्याएको प्रत्रातन्त्रको संस्थागत विकास गर्न संगठनले द्वन्दलाई नयाँ सरकारले कार्यान्वयन गर्ने विश्वास आम निर्वाचनलाई सफल बनाउन सक्रिय रह्यो । नयाँ सरकार बन्यो तर १ महिनासम् पनि सरकारले द्वन्दको उचित व्यवस्थापन गर्न भेटसम्म गरेन । फलस्वरुप बाध्य भई २०४८ साल आषढ १६-भाद्र ८ दिनको प्रारम्भिक मूल्यांकनलाई ध्यान नदिनु, संगठनलाई दरिलो शक्तिको रुपमा विकास नागरी आन्दोलन संचालन गर्नु, आन्दोलनलाई सशक्त ढंगले अन्तर्राष्ट्रियकरण गर्न नसक्नु, आन्दोलन लम्बिन्दै जानु, सरकारी हठबादिता आदि आन्दोलन सफल नहुने आधार तथा कारण वन्न पुग्यो । जसका कारण आन्दोलित कर्मचारीहरुलाई कारवाही नगर्ने शर्तमा माग पुदा नहुँदै आन्दोलन स्थगित गरियो, तर सरकार इमान्दार भएन । आन्दलोलन स्थगित हुनासाथ कर्मचारीलाई बर्खास्त गर्ने, अस्थायी कर्मचारीहरुको म्याद नथप्ने, आपायक सरुवा गर्ने, निलम्बन गर्ने लगायउका कारवाहीहरु श्रृखलाबद्ध रुपमा गर्न थाल्यो । संगठनलाई छिन्नभिन्न पार्ने काम मयो । आवश्यकता र औचित्यताले सावित गरेको कर्मचारीहरुको प्रिय संगठन माथि जस्तो सुकै दमन भएपनि त्यसै बिलाएर गएन । आत्म समीक्षा गर्दै दु:खित पिडीतहरुलाई एकत्रित गर्दै पुनः संगठित हुन थाल्यो । राज्यको पुरा संयन्त्र लागेर ध्वस्त बानाएको संगठनले ८ वटा राष्ट्रिय महाधिवेशन सम्पन्न गरी सकेको छ भने मिनि महाधिवेशनको रुपमा रहेको केन्द्रीय परिषद्को १३औं बैठक सम्पन्न गर्न गई रहेको छ । यस अवधिमा संगठनले अत्यन्तै प्रतिकूल अवस्थाको सामाना गर्नु परेको छ भने थोरै अनुकलताहरु समेत भागेको छ । २९१ जना कर्मचारीहरुको पुनर्वहाली गर्ने, २०५१, २०५२ र २०५४ सालमा गरी २४०६ जनाको कारवाही फुकुवा भएको छ । अझै केहीको कारवाही फुकुवा हुन वाँकी रहेको छ ।
- २०५८।४।३२ को सर्वोच्च अदालतको फैसलाबाट एकमात्र बैधानिक र क्रियाशील रहेको संगठनले निजामती

कर्मचारीहरुको आन्दोलनको अभिभावकत्व गर्दै मानव अधिकार, लोकतन्त्र र शान्तिको पक्षमा २०६२/६३ को जनक्रान्तिमा राजनीतिक दलसँगै सहभागीको रुपमा ऐतिहासिक कदम उठायो । २०६२ असार ३० कालो दिन घोषणा :- निरंकुश शाही शासनकालमा निजामती सेवा ऐन अध्यादेशमार्फत जारी गरी निजामती क्षेत्रको एकमात्र पेशागत संगठन नेपाल निजामती कर्मचारी संगठनमाथि प्रतिवन्ध लगाएको हुँदा

- २०६२ श्रावण ७ गते निरंकुशतन्त्र विरुद्ध विरोध प्रदर्शन ।
- २०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिको सहयात्री भई प्रजातन्त्र, मानवअधिकार र शान्तिको पक्षमा पेशाकर्मीहरुको तर्फवाट नेतृत्वदायी भूमिका निभाएको (तत्कालिन ७ राजनीतिक पार्टी र नेकपा माओवादी पार्टीका शीर्षस्थ नेताहरु र पेशाकर्मीहरुवीच जनक्रान्तिलाई सघाउने विषयमा सम्झौता । उक्त समझौतामा उपसचिवसम्मको ट्रेड यूनियन अधिकार दिने र कर्मचारीले आन्दोलनलाई हरतरहले सघाउने सम्झौता भएको थियो ।

संगठनले हालसम्म के गर्‍यो ?

- पेशागत हकहितका लागि आफ्नै बलमा २०४७ सालमा संगठनको स्थापना ।
- पेशागत हकहित एवं मानवअधिकार लोकतन्त्र र शान्तिका सबालमा २०४८ सालमा कर्मचारी आन्दोलन ।
- आन्दोलनको सिलसिलामा कारवाही पर्नु भएका सबै संङ्गठकहरुको कारवाही फुकुवा र पुनर्वहाली ।
- टुटफुट र विभाजन विरुद्ध एकिकृत आन्दोलनमा जोड, पेशाकर्मीलाई परेका पीरमार्का, गुनासो सुनुवाई ।
- तलब सुधार आयोग, २०६१ मा प्रतिनिधित्व, जुन अध्ययन प्रतिवेदन हालसम्मको सवैभन्दा वैज्ञानिक अध्ययन हो ।
- २०५४ सालमा कार्यालय सहयोगीको स्तरबृद्धि गर्न सफल ।
- हत्या, अपहरण, जबरजस्ती चन्दा असुली, धम्की तथा कर्मचारी असुरक्षाको विरोध ।
- निजामती सेवा ऐन, नियमावली संशोधनमा सक्रिय सहभागिता ।
- लामो लडाईं पछि ट्रेड युनियन अधिकारको प्राप्ति ।
- बढुवा प्रक्रियामा महत्वपूर्ण उपलब्धी ।
- देशव्यापी सञ्जाल (Network) ।
- सरकारसँग संवाद, सहकार्य ।
- अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार ।
- सहकारी आन्दोलनमा महत्वपूर्ण उपलब्धी ।
- लोकतन्त्र, मानव अधिकार र शान्तिको पक्षमा निरन्तर क्रियाशील ।
- जनक्रान्ति २०६२/०६३ को सहयात्री ।
- निजामती अस्पताल निर्माण र संचालन ।
- जिविकोपार्जन योग्य तलव, भत्ताका लागि निरन्तर दवाव श्रृजना ।
- असाध्ये रोग लागेको अवस्थामा कर्मचारी परिवारलाई औषधीउपचार सुविधा ।
- पोशाकको व्यवस्था ।
- स्वास्थ्य तथा औषधी उपचार सम्बन्धी व्यवस्था ।
- विमा कोषको व्यवस्था ।

- निजामती सन्तती छात्रवृत्ति योजना ।
- निजामती विद्यालय र कर्मचारी आवाश योजनाको सुरुवात ।
- निजामती सेवामा समावेशीकरण ।
- महिला विकासमा कार्यरत महिला कर्मचारी स्थायी ।

रचनात्मक एवं अतिरिक्त क्रियाकलापमार्फत समाजमा योगदान ।

**<u>विश्व ट्रेड युनियन आन्दोलन</u>** :

- प्रथम र दोश्रो विश्वयुद्धबाट स्वतन्त्र भएका राष्ट्रहरुमा श्रमिक वर्गहरु आफ्नो हकहितका लागि संगठित हुन थाले यसरी राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा संगठित हुने क्रममा अक्टोवर ३-८, १९४५ मा पेरिसमा सम्पन्न ५५ देशका राष्ट्रियस्तरका ट्रेड युनियनहरुको प्रथम सम्मेलनबाट विश्व श्रमिकहरुको पहिलो विश्व ट्रेड युनियन महासंघको **WCC** स्थापना भएको हो तर यो महासंघ क्रिष्टीयनिटीमा आधारित भएकाले विश्वव्यापी आधार थिएन ।
- WFTU को स्थापना कालमा जारी भएको आफ्नो घोषणा पत्रमा संसारबाट फाँसीवादको अन्त्य गर्नु रहेको उल्लेख गर्दै भनिएका छ । "One of the Primary Tasks of the WFTU and the Trade Union Movements of all countries is to fight for the speedy complete eradication of fascism" यस्तै घोषणा पत्रमा श्रमिकहरुको संगठित हुने पाउने अधिकार र प्रत्येक श्रमिकलाई जाति, लिंग र संगको आधारमा भेदभाव नगर्ने अधिकारको ग्यारेण्टी, काम र न्यूनतम पारिश्रमिकको अधिकार, बेरोजगारबाट मुक्त हुने अधिकारको ग्यारेण्टीलाई आधारभूत अधिकारको रुपमा प्रत्याभूति गर्न संघर्षरत रहने उल्लेख गरिएको छ ।
- **<u>WFTU</u> :** WFTU ले UNO को Consultive Agency को सदस्यता पाउनुको साथै UNIDO, UNESCO / ILO जस्ता संस्थामा प्रतिनिधित्व गर्दै आएको छ । WFTU ले ILO बाट पारित अभिसन्धी नं.८७ (Freedom of Association and Protection of Right to Organize) र अभिसन्धी नं.९८ (Right to Organize and Collective Bargaining) पारित गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । सन् १९९० को दशकपछि आर्थिक उदारिकरण र निजीकरणको नीति अगाडी सारी तेश्रो विश्वका मुलुकहरमा विश्व बैंक लगायत अन्तर्राष्ट्रिय निगमहरुबाट भइरहेको आर्थिक हस्तक्षेपको WFTU ले विरोध गर्दै आएको छ । हाल यस महासंघमा महासचिव ग्रिसका जर्ज मार्भिकोस रहनु भएको छ ।
- ITUC : विश्वका श्रमिकहरुको अन्तर्राष्ट्रिय केन्द्रको रुपमा रहेको WFTU ले लोकप्रियता हासिल गर्दै गएपनि यसमा सोभियत संघको वर्चस्व भएपछि सन् १९४९ मा बेलायत, नेदरल्याण्ड र अमेरिकाको मजदूर युनियनहरु मिली WFTU फुटेर International Confederation of Free Trade Union-ICFTU को गठन गरे । विश्व मजदूर महासंघ (WCL) र ICFTU एकिकरण भई ICFTU International Trade Union Center-ITUC नामको नयाँ महासंघको गठन भएको छ । शितयुद्ध कालभरी WFTU र ICFTU को द्वन्द चलेपनि शितयुद्ध सामाप्त भएपछि नयाँ मूल्य र मान्यताका साथ अगाडी वढेको छ । सन २००६मा स्थापित ITUC सवभन्दा ठूलो र प्रभावशाली अन्तर्राष्ट्रिय केन्द्र वनेको छ । यस महासंघका महासचिव अष्टेलियाकी शिक्षीका स्यारन वर्रो हुनुहुन्छ ।**<u>राष्ट्रिय ट्रेड युनियन केन्द्रहरु :</u>**
- **<u>पेशागत महासंघ नेपाल (CONEP)</u> :** पेशागत महासंघ, नेपाल सार्वजनिक एवं निजी क्षेत्रमा कार्यरत चारलाख भन्दा बढी कलमजीवी पेशाकर्मीहरुको छाता संगठन हो । महासंघमा राष्ट्रियस्तरका २४ वटा संगठन आवद्ध रहेको छन् । सार्वजनिक पेशागत क्षेत्रमा निजामती एवं पेशाकर्मीहरुको ट्रेड युनियन अधिकारलाई स्थापित गर्न महासंघले अग्रणी भूमिका निर्वाह गरेको छ भने अव बन्ने नयाँ संविधानमा श्रमिक एवं

पेशाकर्मीको सरोकारसँग सम्बन्धित राजनीतक, आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकारलाई सुनिश्चित गर्ने मागलाई महासंघले संशक्त ढंगले अगाडी बढाएको छ । पेशाकर्मीहरुवीच ट्रेड युनियनको सैद्धान्तिक एवं बैचारिह स्तर अभिवृद्धि गर्न महासंघले ट्रेड युनियन शिक्षा अभियमानलाई संचालन गर्दै आएको छ भने अन्तर्राष्ट्रिय स्तरमा सम्बन्धमा कायम गर्ने क्रममा श्रमिकहरुको अन्तर्राष्ट्रिय केन्द्रको रुपमा रहेको प्रगतिशील विचार एवं समाजवादको लक्ष्य बोकेको विश्व ट्रेड युनियन महासंघ (World Federation of Trade Unions-WFTU) सँग भातृत्वपूर्ण सम्वन्ध कायम गरेको छ । यसले बैशाख १९-२०, २०६९(मे १-२, २०१२) मा पाँचौ राष्ट्रिय महाधिवेशन सम्पन्न गरी विश्वनाथ व्याकुरेलको नेतृत्वमा कृयाशील रहेको छ । नेपाल कम्यूनिष्ट पार्टी (एकिकृत मार्क्सवादी लेनिनवादी) को बुटवलमा सम्पन्न ऐतिहासिक आठौं राष्ट्रिय महाधिवेशनबाट पेशागत महासंघ नेपाल पार्टीको जनर्गीय संगठनको रुपमा विकसित भएको छ ।

- **<u>नेपाल ट्रेड युनियन महासंघ (GEFONT)</u> राजनैतिक** बैचारिक आधारमा नेकपा (एमाले)को सहयात्री रहेको नेपाल ट्रेड युनियन महासंघ कृषि, उद्योग, कलकारखाना, होटल यातायात , निर्माण लगायतका क्षेत्रमा कार्यरत श्रमिकहरुको महासंघ हो । यो महासंघ ITUCको सस्थापक सदस्य हो । सम्मानित श्रमजीवीवर्ग र समृद्ध जीवनकालागि समाजवाद दीर्घकालीन लक्ष्य हो । सार्वजनिक र निजीक्षेत्रका प्रतिष्ठानहरु र अनौपचारिक क्षेत्रलाइ समेट्ने २५ वटा राष्ट्रिय संघहरु घठकका रुपमा रहेको यो महासंघ नेपालको पुरानो, सशक्त र प्रभावशाली नेतृत्वदायी पहिलो महासंघको रुपमा आफूलाई स्थापित गर्न सफल देखिन्छ । क. विष्णु रिमालले अध्यक्षता गरीरहनु भएको छ ।
- <u>नेपाल ट्रेड युनियन कांग्रेस स्वतन्त्र (NTUC-1)</u> स् नेपाली कांग्रेसको भातृ संगठनको रुपमा रहेको नेपाल ट्रेड युनियन कांग्रेसमा उद्योग कलकारखानाका साथै सेवा क्षेत्रमा क्रियाशील ट्रेड युनियन संघहरु आवद्ध रहेका छन् । यो महासंघको नेतृत्व लक्ष्मणबहादुर बस्नेतले गरिरहनु भएको छ ।
- <u>अखिल नेपाल ट्रेड युनियन महासंघ (ANTUC)</u> : यो महासंघ एकिकृत नेकपा माओवादी पार्टीको जनसंगठनको रुपमा उद्योग, कलकारखाना क्षेत्रमा क्रियाशील महासंघ हो । २०६२/२०६३ जनआन्दोलनको सफलतासँगै खुल्ला रुपमा यसका गतिविधि संचालन भएका छन् । यस महासंघले विश्व ट्रेड युनियन महासंघ WFTU सँग भातृत्वपूर्ण सम्बन्ध कायम गरेको छ । ऐन कानून भन्दा मसल प्रदर्शनलाई ट्रेड युनियन शक्ति ठान्ने यो महासंघ औद्योगिक शान्ति र मजदुरको हक, हितभन्दा अराजकता र अशान्ति सिर्जना गर्नमा उद्यत रहेको देखिन्छ । यस महासंघको अध्यक्ष शालीकराम जमकट्टेल हुनुहुन्छ ।
- <u>नेपाल ट्रेड युनियन फेडेरेशन (NTUF)</u> स् यो फेडेरेशन नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) को जनसंगठनको रहेको छ । यो फेडेरेशन पनि उद्योग, कारखाना, होटल र शिक्षण क्षेत्रमा क्रियाशील छ । यसका गतिविधि सिमित नै भएपनि विश्व ट्रेड युनियन महासंघसँग यस फेडेरेशनले भातृत्वपूर्ण सम्बन्ध कायम राखेको देखिन्छ । ट्रेड युनियन आन्दोलनमा यस महासंघको खासै उल्लेख्य भूमिका रहेको पाईदैन ।
- **<u>संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (Joint Trade Union Co-ordination Centre-JTUCC)</u> स्** ट्रेड युनियनका साझा एवं सरोकारका विषयहरुमा सहकार्य गर्ने उद्देश्यका साथ गठित संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (Joint Trade Union Co-ordination Centre-JTUCC) मा पेशागत महासंघ, नेपाल (CONEP), नेपाल ट्रेड युनियन फेडेरेशन (NTUF), नेपाल ट्रेड युनियन महासंघ (GEFONT), अखिल नेपाल ट्रेड युनियन महासंघ (ANFTU), राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ (N-DECONT), र नेपाल प्रगतिशील ट्रेड युनियन महासंघ (FENEPT), गरी ९ वटा ट्रेड युनियनहरु आवद्ध रहेको छन् । साझा राजनैतिक विषय र श्रम वजार सुधारका विषयमा एकतावद्ध आवाज र संयुक्त गतिविधि वढाउन समन्वय केन्द्र कृयाशील छ ।

<u>नेपालको निजामती क्षेत्रमा क्रियाशील राष्ट्रियस्तरका ट्रेडयुनियनहरुको तुलनात्मक विवेचना :</u>

१. नेपाल निजामती कर्मचारी संगठन : निजामती कर्मचारीहरुको पेशागत हकहितको संरक्षण र सम्वर्द्धन गरी निजामती सेवाको गरिमा बढाउँदै निजामती प्रशासनलाई सुदृढ, सक्षम, प्रभावकारी, गतिशिल, जनमुखी एवं लोकतान्त्रिक बनाई राष्ट्रिय हित सुदृढ गर्ने उद्देश्यका साथ २०४७ बैशाख ७ गते स्थापित निजामती क्षेत्रको पहिलो देशभर सांगठानिक सञ्जाल तथा करिव ४० हजार सदस्य आवद्ध भएको राष्ट्रियस्तरको पहिलो ट्रेड युनियन हो । संगठनले निजामती प्रशासनको नीति निर्माणमा हस्तक्षेपकारी र समन्वयकारी भूमिका निर्वाह गर्दै जनतामा पुऱ्याउनु पर्ने सेवा प्रवाहको सन्दर्भमा सहजीकरणको भूमिका, भ्रष्टाचार नियन्त्रण र सदाचार सवलीकरणमा खबरदारी, पेशागत हकहित र सेवाको सुरक्षाको सन्दर्भमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ । मानव अधिकार लोकतन्त्र र शान्तिको पक्षमा निरन्तर क्रियाशील यस संगठनको देशभर ११० वटा जिल्ला/विभागीय कार्य समिति, २४ वटा अञ्चल समन्वय समिति, ६ वटा क्षेत्रीय समन्वय समिति, ८५ सदस्यीय केन्द्रीय कार्य समितिको साथै इलाका र प्रा.क.स्तर सम्म आफ्नो सांगठानिक सञ्जाल विस्तार गर्न सफल भएको छ । संगठनले पेशागत हकहित एवं प्रशासन सुधारका सन्दर्भमा नेपालको निजामती क्षेत्रमा क्रियाशील राष्ट्रिय स्तरका ट्रेड युनियनहरुको बीचमा नेतृत्वदायी भूमिका खेलेको छ । निजामती प्रशासनमा हरेक मुद्दामा पहिले संगठनले क्रिया गर्दछ, त्यसपछि अन्य ट्रेड यूनियनले प्रतिक्रिया व्यक्त गर्ने परम्परा रहेको छ ।

२. नेपाल निजामती कर्मचारी युनियन : दलीय राजनीतिको प्रभाव एवं नेपाल निजामती कर्मचारी संगठनको आन्दोलनलाई कमजोर पार्ने अभिप्रायका साथ संगठनबाट छुट्टिएर २०४७ फाल्गुण १२ गते संघको नाम दर्ता भएको र सम्मानित सर्वोच्च अदालतको २०५२ मंसीर २० गतेको निर्णयानुसार खारेज भई पुनः युनियनको नाम दर्ता भएको । राजनैतिक रुपमा नेपाली कांग्रेसको भातृ संगठनको रुपमा क्रियाशील यस युनियनले पेशागत मुद्दा भन्दा निहित कर्मचारीहरुको व्यक्तिगत स्वार्थ तथा शक्ति र सुविधाकालागि आफूलाई केन्द्रित गरेको पाइन्छ । यस युनियनको केन्द्रिय नेतृत्वमा रहेको चरम गुटवन्दिका कारणबाट अन्तर ट्रेडयुनियन संवाद र समन्वयमा अवरोध सृजना हुने गरेको छ । माथि देखि तल सम्म २ गुटमा विभाजित यो युनियनलाई निजामती कर्मचारीहरुले विश्वास गर्न नसकेको अवस्था छ । नेतृत्वको कार्यशैलीको कारणले समस्या देखिन थालेका छन् । संस्थागत निर्णयमा नबाँधिने, आफु खुसी समूह समूह बनाएर विभाजित मत प्रशासन सामु लैजादा उच्च पदाधिकारीहरुले युनियनलाई संस्थागत रुपमा भन्दा व्यक्तिगत रुपमा मात्र चिन्ने र व्यवहार गर्ने गरेका छन् ।

३. नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती राष्ट्रिय समिति) : एनेकपा माओवादी पार्टीको जनवर्गीय संगठनको रुपमा क्रियाशील यो संगठन ट्रेडयुनियनको मूल्यमान्यता र संस्कार विपरीत अराजक क्रियाकलापको पर्यायको रुपमा निजामती कर्मचारीहरुको बीच चित्रित छ । तीनवटा गुटमा विभाजित यस संगठनमा अन्य संगठनबाट पलायन भएका लोभी र स्वार्थी कर्मचारीहरुको जमातको बाहुल्यता रहेको छ । यस संगठनमा रहेको गुटवन्दिका कारणबाट अन्तर ट्रेडयुनियन संवाद, सम्वन्ध र सहकार्यमा नकारात्मक प्रभाव परिरहेको अवस्था छ । यस संगठनको क्रियाकलापले गर्दा निजामती क्षेत्रको ट्रेडयुनियन आन्दोलनको साख गिराउने काम भएको छ । आफू अनुकूल सरकार भएको अवस्थामा यो संगठन निजामती क्षेत्रमा उदण्ड मच्चाई गुण्डागर्दी गर्न रमाउने गरेको छ भने समूहमा क्रान्तिकारीपना देखाउने एक्ला एक्लै गएर ताबेदारी गर्ने आफु अनुकुल सिफारिसहरु गर्ने प्रवृत्तिले टेड युनियन आन्दोलनमा सहयोग गर्नु को सट्टा यसले आन्दोलनलाई नै भ्रष्टिकरण गरेको छ ।

४. नेपाल मधेशी निजामती कर्मचारी मञ्च : मधेसीवादी दल निकटको रुपमा स्थापित यो मञ्च विशुद्ध साम्प्रदायिक भावनाबाट अभिप्रेरित छ । प्राविधिक कर्मचारी माझ सिमित र केन्द्रित यस मञ्चले निजामती क्षेत्रमा प्रशासनिक सुधार एवं पेशागत हकहित प्रवर्द्धनमा खासै उल्लेख्य भूमिका निभाउन सकेको पाइदैन । उसको वास्तविक सदस्य संख्या भन्दा धेरै अनधिकृत सदस्यहरु आफ्नो क्षमता ठूलो भएको भान पार्न खोज्ने र आकर्षक कार्यालयहरुमा भाग खोज्ने प्रवृत्ति छ ।

५. राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्र : निजामती क्षेत्रमा रहेका कार्यालय सहयोगी तथा सवारी चालकहरुको वर्गीय हितको पक्षमा आफुलाई उभ्याउने गरेको पाइन्छ । कुनैपनि राजनैतिक दलको निकट नरहेको यो संगठन आफुलाई स्वतन्त्र र न्यून वर्गीय कर्मचारीको पक्षधर हुँद भन्ने दावा गर्दछ । पेशागत हक हित र निजामती प्रशासनको सुधारको क्षेत्रमा यसको स्पष्ट अडान र उलेख्य भूमिका रहेको छैन ।

६. राष्ट्रसेवक कर्मचारी संगठन : सरकारी तथा संस्थान सवारी चालक एशोसियसनको रुपमा क्रियाशील रहेको

संस्थालाई विभिन्न संगठनका पदाधिकारी तथा सदस्यको किर्ते तथा भुक्याएर दस्तखत गराई दर्ता भएको पछिल्लो ट्रेड युनियन हो । निजामती सेवाको विकास एवं पेशागत समृद्धिको क्षेत्रमा यस संगठनको कुनै भूमिका रहेको देखिएको छैन ।

७. नेपाल निजामती कर्मचारी संघ : नेपाल निजामती कर्मचारी यूनियनको आन्तरिक कलह र कार्य संस्कृतिजन्य मतभिन्नताका कारणले विभाजन भई निजामती क्षेत्रको ट्रेड यूनियनको रुपमा दर्ता हुन पुगेको नेपाल निजामती कर्मचारी संघ कार्य संस्कृति र ट्रेड यूनियन संस्कारका ढंगले नेपाल निजामती कर्मचारी यूनियनसँग नै सामिप्यता राख्दछ ।

८. राष्ट्रिय कर्मचारी संगठन (निजामती केन्द्रीय समिति) : एनेकपा माओवादी पार्टी विधिवत रुपमा विभाजन भइसकेपछि साविक नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती राष्ट्रिय समिति) विभाजन भई राष्ट्रिय कर्मचारी संगठन (निजामती केन्द्रीय समिति) निजामती क्षेत्रको पछिल्लो ट्रेड यूनियनको रुपमा दर्ता भएको छ । कार्य संस्कृति र व्यवहारका हिसावले यसले नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती राष्ट्रिय समिति) कै चरित्र बोक्दछ ।

**नेपाल निजामती कर्मचारी संगठनको सांगठनिक संरचना :**

१. **केन्द्रीय कार्य समिति :** समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई अंगिकार गरी संगठनको आठौ राष्ट्रिय अधिवेशनबाट ८५ सदस्यीय केन्द्रीय कार्य समिति निर्माण भएको छ । हाल परराष्ट्र सेवाबाट प्रतिनिधित्व नभएका कारणले ८४ सदस्यीय कार्य समिति क्रियाशील रहेको छ ।

२. **केन्द्रीय सचिवालय :** केन्द्रीय कार्य समितिका अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिवहरु, कोषाध्यक्ष, सह-कोषाध्यक्ष रहने गरी १६ सदस्यीय केन्द्रीय सचिवालय क्रियाशील छ ।

३. **जिल्ला विभागीय कार्य समिति :** ७५ जिल्लामा जिल्ला कार्य समिति र मन्त्रालय, विभाग एवं केन्द्रीय निकायमा ३५ विभागीय कार्य समिति बढीमा २१ सदस्य रहने गरी समावेशी कार्य समिति गठन भई संचालनमा रहेका छन् ।

४. **आवश्यकतानुसार इलाका समन्वय समिति र प्रारम्भिक कार्य समितिहरु :**

५. **क्षेत्रीय समन्वय समिति :** देशको पाँच विकास क्षेत्र र उपत्यका क्षेत्रमा विभागीय कार्य समितिहरु समावेश गरी सम्बन्धित क्षेत्रको उपाध्यक्षको संयोजकत्वमा केन्द्रीय कार्य समितिका सदस्यहरु पदेन सदस्य रहने पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल, सुदूर पश्चिमाञ्चल र उपत्यका गरी ६ वटा क्षेत्रीय समन्वय समितिहरु गठन भएका छन् ।

६. **अञ्चल समन्वय समिति :** सम्बन्धित अञ्चलबाट उम्मेदवार भई अधिवेशनबाट निर्वाचित भएका केन्द्रीय सदस्यको संयोजकत्वमा सोही अञ्चल भित्रका केन्द्रीय सदस्यहरु, जिल्ला कार्य समितिका अध्यक्ष, केन्द्रीय पार्षद, केन्द्रीय प्रतिनिधि पदेन सदस्य र ३ जनासम्म मनोनित सदस्य रहने गरी २४ वटा अञ्चल समन्वय समिति क्रियाशील छन् । संगठनको विधानमा व्यवस्था भए अनुसार १४ अञ्चललाई भौगोलिक सुगमता अनुकुल १९ वटा अञ्चलमा विभाजन (सगरमाथा, बागमती, कर्णाली, सेती र महाकाली अञ्चललाई बिभाजन गरिएको) गरिएको छ भने उपत्यकामा निम्नानुसार ५ वटा अञ्चल समन्वय समितिहरु गठन भएका छन् ।

**ब्लक "क" अञ्चल समन्वय समिति :** सूचना तथा सञ्चार मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग, सर्वोच्च अदालत, सिंचाइ मन्त्रालय, राष्ट्रपतिको कार्यालय, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय विभागीय कार्य समिति - ७

**ब्लक "ख" अञ्चल समन्वय समिति :** गृह मन्त्रालय, निर्वाचन आयोग, उद्योग मन्त्रालय, परराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उप राष्ट्रपतिको कार्यालय विभागीय कार्य समिति - ७

**ब्लक "ग" अञ्चल समन्वय समिति :** स्थानीय विकास मन्त्रालय, उर्जा मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय, संघीय मामिला संविधानसभा संसदीय व्यवस्था तथा सँस्कृति मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, संसद सचिवालय विभागीय कार्य समिति - ७

**ब्लक "घ" अञ्चल समन्वय समिति :** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, विज्ञान प्रविधि/वातावरण मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, कानुन तथा न्याय मन्त्रालय, राष्ट्रिय योजना आयोग विभागीय कार्य समिति - ७

**ब्लक "ङ" अञ्चल समन्वय समिति :** अर्थ मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, महालेखा परीक्षकको कार्यालय, युवा तथा खेलकुद मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, शान्ति तथा पुनःनिर्माण मन्त्रालय विभागीय कार्य समिति - ७

**नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय विभागहरु :**

संगठन केन्द्रीय सचिवालयलाई सहयोग गर्नका लागि तपसिल बमोजिमका १४ केन्द्रीय विभागहरु गठन भएका छन् । विभागले विनियममा व्यवस्था भए बमोजिमका कार्यहरु सचिवालयसँग समन्वयमा गर्दै आएका छन् ।

१. अनुगमन मूल्यांकन तथा गुनासो व्यवस्थापन विभाग, प्रमुख, वरिष्ठ उपाध्यक्ष राजन रेग्मी
२. सहकारी विभाग, प्रमुख, वरिष्ठ उपाध्यक्ष राजन रेग्मी

३. महिला विभाग, प्रमुख, उपाध्यक्ष इन्दिरा रिजाल
   महिला विभाग अन्तर्गत ६ वटा क्षेत्रमा क्षेत्रीय महिला विभाग क्रियाशील रहेका छन् ।
४. सेवा समन्वय विभाग, प्रमुख, उपाध्यक्ष केदार प्रसाद देवकोटा :
   सेवागत समन्वय विभाग अन्तर्गत निजामती सेवा ऐन अनुसार गठन भएका १२ वटा सेवा अनुसार सेवा समन्वय परामर्श समिति गठन भई क्रियाशील रहेका छन् । जुन यसप्रकार छन् : प्रशासन सेवा परामर्श समिति,
   (क) नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा परामर्श समिति
   (ख) नेपाल इन्जिनियरिङ सेवा परामर्श समिति
   (ग) नेपाल कृषि सेवा परामर्श समिति
   (घ) नेपाल न्याय सेवा परामर्श समिति
   (ङ) नेपाल परराष्ट्र सेवा परामर्श समिति
   (च) नेपाल प्रशासन सेवा परामर्श समिति
   (छ) नेपाल लेखापरीक्षण सेवा परामर्श समिति
   (ज) नेपाल वन सेवा परामर्श समिति
   (झ) नेपाल विविध सेवा परामर्श समिति
   (ञ) नेपाल शिक्षा सेवा परामर्श समिति
   (ट) नेपाल स्वास्थ्य सेवा परामर्श समिति
   (ठ) संसद सेवा परामर्श समिति
५. समावेशी समन्वय विभाग, प्रमुख, उपाध्यक्ष भोला पोखरेल :
   समावेशी समन्वय विभाग अन्तर्गत संगठनमा समावेशीकरण गरिएका अपाङ्ग, आदिवासी जनजाति, दलित, मधेशी र श्रेणी विहीन/कार्यालय सहयोगी सम्पर्क कमिटी गरी ५ वटा सम्पर्क कमिटीहरु गठन भई क्रियाशील रहेका छन् ।
६. सामाजिक सेवा विभाग, प्रमुख, उपाध्यक्ष भोला पोखरेल
७. विदेश विभाग, प्रमुख, महासचिव मोहन कुमार घिमिरे
८. संगठन विभाग, प्रमुख, सचिव रामहरि शर्मा
९. प्रचार प्रसार तथा प्रकाशन विभाग, प्रमुख, सचिव शेखरनाथ दाहाल
१०. प्रशिक्षण विभाग, प्रमुख, सचिव राधिका ढकाल
११ अतिरिक्त क्रियाकलाप विभाग, प्रमुख, सचिव शेखरनाथ दाहाल
१२. कार्यालय व्यवस्थापन तथा जनसम्पर्क विभाग, प्रमुख, सचिव ललीक बहादुर महर्जन
१३. आर्थिक विभाग, प्रमुख, कोषाध्यक्ष मुकुन्द प्रसाद पराजुली
१४. कानुन तथा अनुसन्धान विभाग, प्रमुख, सह-कोषाध्यक्ष राजेन्द्र श्रेष्ठ

**आठौं राष्ट्रिय अधिवेशनबाट पारित नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्था र मूल्याङ्कन :**
**मित्रहरु,**
मुलूक अहिले राजनीतिक संक्रमणमा गुज्रिरहेको छ । राजनीतिक प्रणालीले एउटा सुस्पष्ट दिशा निर्देश नगरी रहेको अवस्थामा आर्थिक, सामाजिक, सांस्कृतिक प्रशासनिक लगायतका पेशागत विषयहरुमा समेत संक्रमणता रुमलिंदो रहेको छ । यही राजनीतिक संक्रमणको प्रभाव भित्र अब म, नेपाल निजामती कर्मचारी संगठनको आठौं राष्ट्रिय अधिवेशन (२०६६ माघ १५-१८, रुपन्देही) बाट पारित नीति तथा कार्यक्रमहरुको हामीले केन्द्रिय परिषद्(२४(२५ चैत्र २०६८) वाट मध्यवधी समिक्षा गरि सकेको छ । निती तथा कार्यभारहरुको कार्यान्वयनको अवस्था वारेमा छलफल गर्ने अनुमती चाहान्छु ।

१. **"नयाँ संविधानमा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान-राजनीतिक अधिकार सहितको ट्रेड युनियन, हाम्रो अभियान"** आठौं राष्ट्रिय अधिवेशनले अघि सारेको मूल नारालाई संगठनले नयाँ बन्ने संविधानमा पेशाकर्मीहरुको तर्फबाट मौलिक हकको रुपमा समावेश गरिनु पर्ने मुद्दाको रुपमा उठान गरिरहेको छ । नयाँ बन्ने संविधानमा पेशाकर्मीहरुका एजेण्डाको रुपमा चार वटा विषयवस्तु अघि सारिएको छ :-

- क्षतिपूर्तिसहितको नागरिक सेवाको ग्यारेन्टी ।
- श्रमको सम्मान ।
- सामाजिक सुरक्षा ।
- राजनीतिक अधिकार सहितको ट्रेड युनियन ।

आम जनजीविकाका सवाल र सन्दर्भहरुलाई समावेश गरेर नयाँ बन्ने संविधान तोकिएको समय सीमाभित्र जारी गर्नका लागि दबाब श्रृजना गर्नुपर्ने यस संगठनको निष्कर्षलाई मूर्तरुप दिनका लागि २०६७ बैशाख ७ गते संगठन स्थापना दिवसको अवसर पारेर मुलुकभर क्रियाशील रहेका जिल्ला कार्य समितिहरुले प्रमुख जिल्ला अधिकारी मार्फत र केन्द्रमा दशौं हजार पेशाकर्मीहरुको ऱ्याली सहित संविधानसभाका अध्यक्षमार्फत संविधानसभा, सम्बन्धित सबै राजनीतिक दललाई खबरदारी र दबाब श्रृजना गरिएको छ । २०६९ वैशाख ७ गते

२. **सार्वजनिक प्रशासनमा सुशासनको प्रत्याभूतिमा जोड :**

- सुशासनको माध्यमबाट जनतालाई राज्यबाट उपलब्ध हुने सेवा सुविधामा सहज पहुँच पुऱ्याउने दिशातर्फ निजामती प्रशासनलाई उन्मुख गराउन विभिन्न समयमा संगठनले दबाबमूलक कार्यक्रमहरु संचालन गरेका छन् । संगठनको सकारात्मक दबाबकै कारण क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहको विषयलाई आ.व. २०६७/०६८ को बजेटमा उल्लेख गराउन हामी सफल भएका छौं । तर सरकारको सुशासनप्रतिको उदासीनताका कारण घोषित कार्यक्रम अगाडि वढ्न सकेका छैनन् । उक्त कार्यक्रमलाई सवै कार्यालयमा विस्तार गर्ने कार्य योजनाका साथ अगाडि वढ्न आवश्यक छ ।
- संगठनले नेतृत्व लिएर सबै जिल्ला/विभागीय कार्य समितिमार्फत आवश्यकता र औचित्यताको आधारमा कार्यालय परिसर भित्र उजुरी पेटिका राख्ने र संगठनका सदस्यहरुलाई सदाचारी व्यवहार प्रस्तुत गर्न र सहकारी मार्फत आय आर्जनका बैकल्पिक उपाय खोजी गर्न प्रशिक्षण मार्फत प्रोत्साहन गरिएको छ ।

३. **सामाजिक सुरक्षाको प्रत्याभूतिमा जोड :**
विद्यमान कानूनमा कर्मचारीहरुका लागि गरिएका सेवा सुविधाहरुको अवस्था अप्रर्याप्त र समय अनुकूल छैनन् र तिनको वितरण प्रणाली पनि पारदर्शी नभएको अवस्था छ । प्रत्येक कर्मचारीहरुलाई आवास व्यवस्था, छोराछोरीहरुका लागि शिक्षाको प्रबन्ध, परिवारलाई निःशुल्क स्वास्थ्य सुविधा, वीमा, औषधी उपचारमा थप सुविधाको व्यवस्थामा जोड दिनु पर्दछ । सेवा निबृत्त भए पश्चात सहज र सम्मानपूर्वक जीवनयापनको लागि राज्यको तर्फबाट सामाजिक सुरक्षाको सुनिश्चितता गर्ने हाम्रो प्रतिवद्धता र कार्यभार रहेकोमा आसध्ये रोग लागेका कर्मचारी र तीनका परिवारहरुलाई उपचार खर्चको व्यवस्था, कर्मचारी आवास व्यवस्थाको शुरुवात, निजामती अस्पतालको सुधार, निजामती विद्यालय स्थापना लगायतका विषयहरु शुरुवात भएको छ भने स्वास्थ्य तथा औषधोपचार वीमा र हाल संचालनमा आईरहेको सावधिक जीवन वीमालाई कर्मचारी पक्षीय

बनाउनका लागि पहल र प्रयत्न गर्न आवश्यक छ ।

## ४. श्रमको सम्मानमा जोड :

पेशाबाट प्राप्त गरिनुपर्ने सुविधाहरुको ग्यारेन्टी, वितरण प्रणालीमा न्यायपूर्ण समानता, पेशाको सुरक्षामा ग्यारेन्टी (कार्यथलो समेत), अस्थायी, ज्यालादारी र करारमा भर्ना गर्ने परिपाटीको अन्त्य, ट्रेड युनियन अधिकारको सुनिश्चितता, पारिश्रमिकमा सामाजिक न्यायको प्रत्याभूति, रोजगारीको ग्यारेन्टी गर्ने जस्ता श्रमको सम्मानमा जोड दिइएको छ । सबै तहका कर्मचारीहरुले सम्पन्न गर्ने कामको समुचित सम्मान हुनु पर्दछ भन्ने मान्यतालाई स्थापित गराउने प्रयास र प्रयत्न भएका छन् ।

## ५. राजनीतिक अधिकार सहितको ट्रेड युनियनमा जोड :

सार्वजनिक प्रशासनको उत्थानका लागि **"हामीले हाम्रा लागि, हामी आफैद्वारा"** नीति निर्माण गर्नु पर्दछ भन्ने नीतिलाई जोड दिएको छ । संगठनले संविधानसभा निर्वाचनमा दुई सदस्य प्रतिनिधित्वको अवधारणालाई सातौं राष्ट्रिय अधिवेशनद्वारा पारित गरेको थियो । यद्यपी यो कार्य सफल हुन सकेन । संगठनले नीति निर्माण तहमा आफ्नै उपस्थिति खोजेको छ । अव बन्ने नयाँ संविधानमा निजामती कार्मचारीहरुको चुन्ने र चुनिन पाउने अधिकारलाई सुरक्षित गरिनु पर्दछ भन्ने कर्मचारीहरुको राजनीतिक अधिकारको मागलाई छलफल र बहसमा लगिएको छ । सबै जिम्मेवार राजनीतिक दलहरुलाई यस विषयमा ध्यानाकर्षण गराईएको छ ।

## ६. संगठन निर्माण र विस्तारमा जोड :

देशभर रहेका निजामती सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई संगठित गर्ने कार्यलाई निरन्तरता दिंदै "**एक कार्यालय एक संगठन कार्य समिति"** भन्ने नाराका साथ सवै सरकारी निकायहरुका शाखा अधिकृत सम्मका कर्मचारीहरुमा संगठनको पहुँचलाई विस्तार गर्ने साथै विभिन्न समयमा डर, त्रास, धम्की, प्रलोभन आदिका कारणबाट बाटो बिराई संगठनबाट अलग रहनु भएका तमाम कर्मचारी साथीहरुलाई संगठनमा पुनः आवद्ध हुन आह्वान गर्नु पर्दछ। आगामी दिनमा निजामती सेवामा प्रवेश गर्ने नयाँ कर्मचारीहरुलाई संगठनमा गोलवन्द गर्ने कार्यलाई प्राथमिकता दिनु पर्दछ ।

- सबै क्षेत्रीय समन्वय समिति, अञ्चल समन्वय समिति, जिल्ला/विभागीय कार्य समिति गठन र पुर्नगठन भई क्रियाशील रहेका छन् ।
- १४ वटा विभागहरु र विभाग अन्तर्गतका सेवा परामर्श समितिहरु, समावेशी सम्पर्क कमिटी क्रियाशील रही रहेका छन् ।
- आवश्यकताअनुसार इलाका समन्वय समितिहरु र प्रारम्भिक कार्य समितिहरु गठन भएका छन् ।
- निजामती सेवाका नयाँ प्रवेशीहरुलाई संगठनप्रति आकर्षित गर्नका लागि राजपत्र अनंकित कर्मचारीहरुको हकमा हिमाली र दुर्गम जिल्ला कार्य समितिहरु र राजपत्रांकितहरुको हकमा सेवा संचालन गर्ने मन्त्रालय अन्तर्गतको विभागीय कार्य समितिले उत्प्रेरकको भूमिका निर्वाह गर्ने प्रयास थालेको छ । यसलाई अझ सशक्त बनाउनु जरुरी छ ।

## ७. आचरण, व्यवहार र कार्यशैली परिवर्तनमा जोड :

- परिवर्तित परिवेश अनुरुप जनताका ईच्छा, चाहाना अनुरुप सेवा प्रवाह गर्ने सन्दर्भमा आम कर्मचारी र जनता वीचको दुरी निकट हुनु पर्दछ । अर्को तर्फ कर्मचारी, कर्मचारी वीचको व्यवहारमा समेत समयसापेक्ष कार्यशैलीगत र आचारणगत सुधार हुनु पर्ने देखिन्छ । साथै कर्मचारी र जनता वीच गरिने व्यवहारलाई हार्दिक र मैत्रीपूर्ण बनाउने तर्फ ध्यान दिनु आवश्यक छ । विशेष गरी हाम्रो संगठनसँग आवद्ध रहेको सम्पूर्ण सदस्यहरु तथा नेतृत्व तहमा रहने जिम्मेवार संगठकहरुको आचारण, व्यवहार र कार्यशैली अनुकरणीय हुने छ । कार्य संस्कृति र व्यवहार परिवर्तन हामी प्रत्येक "म" बाट शुरु गर्ने विषय हो । यसलाई आफैबाट कार्य थालनी गरी आम कर्मचारी माझ उदाहरणीय हुने । कार्यस्थलमा संगठनको पहिचान सहितको "संगठनको लोगो" लगाउने र अन्य कर्मचारी भन्दा सबै क्षेत्रमा जनताको सेवकको

रुपमा संगठनका सदस्यले आफ्नो पहिचान वनाउने कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक छ ।

- ट्रेड युनियन पदाधिकारीलाई पूर्णकालीन सदस्यको रुपमा रहन प्रोत्साहन गरिएको छ ।
- सबै केन्द्रीय पदाधिकारी एवं पार्षद्हरुलाई केन्द्रीय कार्य समितिमा सम्पत्ति विवरण पेश गर्न अनिवार्य गरिएको छ ।

## ८. शान्ति सुरक्षा कायम गराउनमा जोड :

- कर्मचारीको जीउ, जागिर र कार्य क्षेत्रको सुरक्षाको सवाललाई संगठनले गम्भिरतापूर्वक लिनु पर्दछ । यस कार्यका लागि सरकार, मानव अधिकारकर्मी संस्थाहरु, संचार जगत, नागरिक समाजसँग सह-सम्बन्ध राख्दै विभिन्न विद्रोही तथा अज्ञात समूहबाट हुने गरेको कर्मचारीहरुको हत्या, अपहरण, जवरजस्ती चन्दा असूली, लेवी संकलन जस्ता कार्यलाई संगठित रुपमा विरोध र भण्डाफोर गर्ने हाम्रो कार्यभार रहेकोमा कर्मचारीको सुरक्षाको जिम्मेवारी सुरक्षा निकाय र सरकारको मात्र नभएर सम्बन्धित नागरिक समुदाय र सेवाग्राही समेतको हो भन्ने विषयमा सचेतना कार्यक्रमहरु भएका छन् ।
- सुरक्षाका दृष्टिले संवेदनशील रहेका कार्यक्षेत्रमा विशेष सुरक्षा घेरा बनाई रणनीतिक रुपमा यस्ता घटना हुन नदिन गृह मन्त्रालय र अन्तर्गतका निकायहरु क्रियाशील रहेको अवस्था पनि छ ।
- मालपोत कार्यालय, बारामा कार्यरत ना.सु. माधव थापाको हत्या पश्चात कर्मचारी अपहरण, कुटपिट, जबरजस्ती चन्दा असुली, हत्या लगायतका घटनाको विरोध र भत्सर्ना गर्न निजामती क्षेत्रमा क्रियाशील ट्रेड युनियनहरुलाई एक ठाउँमा उभिन बाध्य बनाएको छ ।
- हत्या भएका कर्मचारी र तीनका आश्रित परिवारको सामाजिक सुरक्षाका लागि क्षतिपूर्ति रकम सहजरुपमा सम्बन्धित मन्त्रालयलाई उपलब्ध गराउने र संभव भएसम्म परिवारको एक सदस्यलाई रोजगारी व्यवस्था गर्ने कार्य थालनी भएको छ ।
- कर्मचारीको जीवन र कार्यथलोको सुरक्षा विषय लगायतका विषयमा कार्यदल गठन भएको र कार्यदलमा संगठनको महत्वपूर्ण सहभागिता रही सुझावहरु प्रस्तुत गरिएको छ ।

## ९ कार्यालय भवन निर्माण :

संगठनको केन्द्रीय भवन निर्माणका लागि बबरमहल स्थित शहरी विकास तथा भवन निर्माण विभाग परिसरभित्रको का.म.न.पा. वडा नं. ११ स्थित कि.नं. २५०२ क्षेत्रफल ४४५.१४४ ब.मि. जग्गा मा.पो.का., डिल्लीबजारको मि.नं. ३/०६८/९/११ को निर्णयानुसार भोगाधिकार प्राप्त भएको छ । दैनिक कार्य संचालनको लागि उपयुक्त स्थानमा रहेको उक्त जग्गामा भवन निर्माणको लागि माटो परीक्षण, नाप नक्सा डिजाइन, लागत इष्टिमेट लगायतका प्रारम्भिक कार्य भैरहेका छन् । करिव ६ करोड रुपैंयाको अनुमानित लागतमा निर्माण हुने केन्द्रीय कार्यालय भवनका लागि आर्थिक स्रोत जुटाउने कार्य प्रारम्भ भएको छ । केन्द्रीय कार्य समितिका पदाधिकारी, सदस्यहरु तथा सल्लाहकारहरुबाट एक महिना बराबरको तलब जम्मा गर्न र प्रति सदस्य न्यूनतम रु. ५०० का दरले जिल्ला/विभागीय कार्य समितिहरुबाट सहयोग रकम पठाउन अनुरोध गरिएको छ । साथै, रु. १०,०००।- भन्दा बढी सहयोग गर्नु हुने दाताहरुको नाम शीलालेखमा उल्लेख गर्ने कुनै व्लक नै निर्माणमा सहयोग गर्ने दाताको नामबाटै व्लकको नामकरण गर्ने लगायतका कार्य योजनाहरु अगाडि सारिएको छ ।

यस कार्य अवधिमा सुनसरी, बारा र ओखलढुङ्गा जिल्ला कार्य समितिले आफ्नो कार्यालय भवन निर्माण कार्य गरेका छन् । उदयपुर जिल्ला कार्य समितिले शहीद मनोज-झपेन्द्र स्मृति भवनको दोस्रो तला निर्माण कार्य सम्पन्न गरेको छ । ईलाम, खोटाङ, सोलुखुम्बु, सप्तरी, रुपन्देही र बर्दिया लगायतका जिल्लाहरुले भवन निर्माणको लागि जग्गा खरिद गरिसकेको अवस्था छ । हाल सम्म भवन निर्माण गर्ने जिल्लाहरु क्रमशः मोरङ्ग, सुनसरी, उदयपुर, ओखलढुङ्गा, वारा, चितवन, वाँके, सिन्धुपाल्चोक, घडेरी भएका जिल्लाहरु, झापा, सोलुखुम्वु,इलाम, खोटाङ्ग, सप्तरी, पर्सा,रुपन्देही, वर्दिया, धनकुटा, सर्लाही ।

## १०. संक्रमणकालिन अवस्थाको अन्त्यमा जोड :

सबै पक्षलाई कानुन र विधि सम्मत ढंगले आफ्ना गतिविधिहरु संचालन गर्न खवरदारी गर्दै व्यापक राष्ट्रिय सहमती कायम गरी शान्ति र संविधानलाई निष्कर्षमा पुऱ्याउन संगठनले दबाब श्रृजना गरिरहेको छ । त्यसैगरी वर्तमान संक्रमणकालीन अवस्थालाई मध्यनजर गरी हाम्रा पेशागत मुद्दाहरुमा संयमित ढंगले अगाडि बढाईएको अवस्था छ । संगठन वर्तमान संक्रमणकालीन अवस्थाको चाँडो अन्त्य गर्नु पर्दछ भन्ने मान्यताका साथ आफ्ना दबाबमूलक गतिविधिहरु संचालन गरिरहेको छ ।

## ११. पेशागत व्यावसायिकतामा जोड :

पेशाप्रतिको जिम्मेवारी र जनताप्रतिको दायित्व सेवा प्रदायकको मूलमन्त्र हो । यसलाई आत्मसाथ गरी पेशालाई मर्यादित, र सम्मानित बनाउन लागि पर्नु संगठनको कर्तव्य हो । संगठन ट्रेड युनियनको मूल्य, मान्यतालाई आत्मसाथ गर्दै जनताप्रतिको दायित्वसँग जिम्मेवार रहने तथा आफ्नो पेशाको सुधार, मर्यादा र हितका लागि पनि त्यतिकै जिम्मेवार हुने । आफै सक्षम, योग्य र प्रतिभावान बन्ने कार्यले पेशागत व्यावसायिकतामा जोड दिने भएकाले यसलाई अवलम्बन गर्दै अगाडि वढन संगठनको गहन भूमिका रहनेछ ।
संगठन सार्वजनिक प्रशासन भित्रको व्यापारिकरणको विरुद्धमा र व्यावसायिकताको पक्षमा निरन्तर क्रियाशील रही रहेको छ । सुशासन ऐनले दिएको अधिकार प्रशासनिक पदाधिकारीहरुले विना राजनीतिक हस्तक्षेप प्रयोग गर्न पाउनु पर्छ भन्ने मुद्दामा निरन्तर खबरदारी गरिरहेको छ । प्रशासनिक दक्षताका विषयमा संगठनका सदस्यहरु बीचमा संगठन आफ्नै पहलले प्रशिक्षण कार्यक्रमहरु सम्पन्न भएका छन् । नेपाल सरकारको वार्षिक बजेटमा समेत कर्मचारीहरुको दक्षता र व्यावसायिकता वृद्धि गर्न कार्यक्रमहरु समावेश गर्न विभिन्न तहमा प्रयास पनि भएको छ । सेवाग्राहीहरु प्रति कसरी जिम्मेवार बन्ने र उत्तरदायित्वपूर्ण व्यवहार गर्ने भन्ने विषयमा हामी संगठनहरु पनि चिन्तनशील हुने । सार्वजनिक प्रशासनमा भएको अवान्छित राजनीतिक हस्तक्षेपले गर्दा यसको व्यावसियकता र प्रभावकारितामा नकारात्मक प्रभाव पर्ने तर्फ पनि हाम्रो ध्यान पुग्न जरुरी छ ।

## १२. ट्रेड युनियन शिक्षामा जोड :

- कर्मचारीहरुका लागि ट्रेड युनियन (अधिकार, कर्तव्य) किन र के का लागि भन्ने प्रश्न उठ्ने गरेको छ । उच्च प्रशासकहरुमा समेत ट्रेड युनियन प्रतिको भ्रम रहेको छ । संगठनले भ्रम निवारणका लागि एवं यसबाट प्राप्त हुने सेवा, लाभ र दायित्वप्रतिको अनुशिक्षण सवै कर्मचारीहरुमाझ पुऱ्याउन अनिवार्य छ । निजामती कर्मचारीहरुको ट्रेड युनियनको कानूनी व्यवस्था निजामती सेवा ऐनको दोस्रो संशोधनद्वारा भएको छ । संगठन ILO अभिसन्धीले पेशाकर्मीहरुलाई उपलव्ध गराएका अभिसन्धी नं. ८७, १४४ र १५४ को पूर्ण प्रत्याभूति र उप सचिवस्तरसम्मलाई ट्रेड यूनियन अधिकार प्रदान गर्ने तत्कालिन प्रतिनिधि सभाको संकल्प प्रस्तावलाई जोड दिन चाहन्छ । साथै निजामती कर्मचारीहरुको ट्रेड युनियन अधिकारलाई सबै श्रमिक सरह ट्रेड युनियन ऐन मार्फत नै व्यवस्थित गर्ने तर्फ हामी केन्द्रित रहनु पर्दछ ।
- सबै जिल्ला/विभागीय तथा अञ्चल प्रशिक्षणहरुमा ट्रेड युनियन शिक्षा र संस्कृतिको विषयमा प्रशिक्षण र छलफल भएका छन् ।
- केन्द्रीय कार्य समितिका पदाधिकारी एवं सदस्यहरुलाई ट्रेड युनियन सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका छलफल, गोष्ठी र सेमिनारमा सहभागी गराईएको छ । उच्च पदस्थ प्रशासकहरुमा ट्रेड युनियनलाई सकारात्मक रुपमा लिने संस्कार अझै बस्न नसकेको यथार्थताका बीच पनि हामीलाई प्रभावित पार्ने नीति नियम र कानुन निर्माण र संशोधनमा संगठनको प्रतिनिधित्वलाई भने स्वीकार गरिएको अवस्था छ ।
- आधिकारिक ट्रेड युनियनको निर्वाचन निर्देशिका छलफलको अन्तिम चरणमा रहेको छ । निर्देशिका अनुसार आधिकारिक ट्रेड युनियनको निर्वाचन पश्चात भने निजामती क्षेत्रको ट्रेड युनियनलाई हेर्ने र व्यवहार गर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन हुने अपेक्षा गर्न सकिन्छ ।

## १३. शहीद घोषणामा जोड :

शहीद मनोज जोशी-झपेन्द्र कार्कीलाई राष्ट्रिय शहीद घोषणा गर्न र निजामती क्षेत्रमा कार्यरत कर्मचारीहरुमा

विभिन्न समयमा भएका घटनाहरुमा हत्या गरिएका कर्मचारीहरुलाई शहीद घोषणा गर्न र तिनका परिवारजनलाई उचित सम्मान प्रकट गर्न राज्यलाई दवाव दिने कामलाई निरन्तरता दिइएको भएतापनि सरकार अझै पनि कर्मचारी आन्दोलनलाई बैधानिकता दिने पक्षमा देखिँदैन । राष्ट्रिय शहिद घोषणाका लागि अझ पहल र प्रयत्न गर्न जरुरी छ । शहिद मनोज-झपेन्द्रको चित्र अंकित हुलाक टिकट छपाईको लागि सूचना तथा संचार मन्त्रालयलाई अनुरोध गरिएको छ ।

## १४. तहगत प्रणालीमा जोड :

निजामती सेवामा रहेको श्रेणीगत प्रथाको अन्त्य गरी तहगत प्रणाली लागू गर्ने कार्यलाई जोड दिंदै आएतापनि हालसम्म लागू हुन सकेको छैन । तहगत प्रणालीलाई लागू गर्ने प्रतिवद्धता निजामती सेवा ऐनको दोस्रो संशोधनले गरेको छ । यस सम्बन्धी अध्ययन, अनुसन्धान समेत भएका छन्, तथापी ती अधुरा र अपुरा रहेका छन् । तहगत प्रणाली यथाशिध्र लागू गराउन जोड दिने र अध्ययन, अनुसन्धान कार्यदल निर्माण हुँदा संगठनको सहभागिता गराउने कार्यमा संगठनले जोड दिनु पर्दछ ।

सामान्य प्रशासन मन्त्रालयमार्फत अध्ययन गराईएको तहगत प्रणाली विषय प्रति संगठनको मन्त्रालयगत समूह बनाउने विषय र अनावश्यक रुपमा बढी श्रेणी बनाउने विषयमा असहमती रहेको छ । तहगत प्रणाली वर्तमान निजामती प्रशासनका धेरै खाले विकृतिहरु समाधान गर्ने उपाय हुँदाहुँदै पनि अध्ययन प्रतिवेदन विवादमा परेको छ । पुनः वैज्ञानिक अध्ययनका साथ तहगत प्रणालीका विषयमा छलफल गर्नुपर्ने आवश्यकता छ ।

## १५. सेवाग्राहीप्रति जिम्मेवारीमा जोड :

सेवाग्राहीहरुका कामलाई निष्पक्ष, छिटो छरितो र पारदर्शी ढंगबाट सम्पन्न गर्ने कार्यमा संगठनले ध्यान दिनु पर्दछ । सेवाग्राहीप्रति जिम्मेवार बनी संगठनका सदस्यले हरेक कार्यालय र सेवा केन्द्रबाट अरुको प्रसंशायोग्य ढंगले सेवा प्रवाह गर्ने कार्य संस्कृति विकास गर्ने । संगठनले संचालन गरेका प्रशिक्षण कार्यक्रमहरुमार्फत यी विषयमा सचेतना भएका छन् । नेपाल निजामती कर्मचारी संगठनको झण्डा र नाम अंकित लोगो निर्माण गरी वितरण गरिएको छ । संगठनका सदस्य सेवाग्राही प्रति जिम्मेवार ढंगले सेवाप्रवाहमा लाग्छन् भन्ने विषय प्रमाणित गर्न आवश्यक छ ।

## १६. सहकारिताको स्थापना, विकास र प्रवर्द्धनमा जोड :

- संगठनको पाँचौ राष्ट्रिय अधिवेशन (२०५६ जेष्ठ २९-३१) ले अगाडि सारेको **"एकका लागि सवै, सवैका लागि एक"** भन्ने मूल नाराका साथ कर्मचारीहरुको हकहितका लागि स्थापित राष्ट्रसेवक सहकारी संस्थाको स्थापनालाई देशब्यापी बनाउन आवश्यक छ ।
- राष्ट्रसेवक सहकारी संस्थाहरुको तेश्रो राष्ट्रिय भेला २०६९ मंसिर ८ र ९ गते कलवरगुरी झापामा सम्पन्न भएको छ । राष्ट्रिय भेलाले ३२ वुँदे सहमती पत्र , ५ वुँदे प्रतिवद्धता र १० वुँदे कलवलगुरी घोषणापत्र जारी गर्दै सहकारी संचालनमा एकरुपता नियमित अनुगमन र मुल्याङ्कन, एकिकृत लगानी योजनाका विषयमा छलफल र निष्कर्षहरु निकालेको छ । त्यसै गरी राष्ट्रिय भेलाले संगठन र सहकारीको अन्तर सम्वन्धका विषयमा छलफल गर्दै संगठनको राष्ट्रिय अधिवेशनमा सहकारीको प्रतिनिधित्वको विषयमा सुझाव प्रस्तुत गरेको छ ।
- संगठनले संचालन गरेका सहकारीहरुको संख्या ५८ पुगेको छ । यस अवधिमा रुकुम, कालिकोट, मुस्ताङ, लम्जुङ, नुवाकोट, जुम्ला, भक्तपुर, काभ्रेपलाञ्चोक, सिरहा, ओखलढुंगा, कपिलवस्तु, सल्यान, सिन्धुपाल्चोक,मनाङ्ग, जाजरकोट, डोल्पा, दार्चुला र रुकुम जिल्लामा राष्ट्रसेवक सहकारी संस्था स्थापना भएका छन् । सहकारी संस्थाहरुको कार्यशैलीमा एकरुपता कायम गर्न पहिलो चरणमा १८ वटा राष्ट्रसेवक सहकारी संस्थाहरुलाई सफ्टवेयर संचालन सम्बन्धी तालीम सम्पन्न भएको छ । प्रत्येक विकास क्षेत्रमा २/२ वटा सहकारी संस्थाको कार्यलाई अनुगमन गर्ने सिलसिलामा झापा, सिन्धुली, खोटाङ, रसुवा, गोरखा, नवलपरासी, बर्दिया, रोल्पा, बझाङ र कंचनपुर जिल्लाका सहकारीहरुको निरीक्षण गरी निरीक्षण प्रतिवेदन सहकारी विभाग मार्फत प्राप्त भएका छन् ।

- पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रमा सहकारीहरुको क्षेत्रीय भेला सम्पन्न भएका छन् । यस वर्ष अधिकांश राष्ट्रसेवक सहकारी संस्थाहरुको साधारण सभा सम्पन्न भएका छन् ।
- केन्द्रीय कार्य समितिले सवै सहकारी संस्थाको शेयर खरिद गर्ने नीति अनुसार २५ वटा राष्ट्रसेवक सहकारी संस्थाहरुको शेयर खरिद गरी सकिएको र अन्य १५ वटा सहकारीहरुको शेयर खरिद प्रक्रियामा रहेको छ । आगामी वर्ष ६४ वटै सहकारी संस्थाहरुको शेयर खरिद गर्न आवश्यक छ ।

## १७. भ्रष्टाचार विरोधी आन्दोलनमा जोड :

- भ्रष्टाचार देश विकासको क्यान्सर भएकाले यसको अन्त्य गरिनु जरुरी छ । विकासको विनास भ्रष्टाचारबाट हुने भएकाले यसको निरुपण र उपचारका उपायहरु आदिमा जोड दिनु पर्ने देखिन्छ । संगठनले राज्य, सरकारी संयन्त्र, निजी साझेदारी क्षेत्र आदिको सहकार्यमा भ्रष्टाचार विरोधी अभियानलाई अगाडि बढाउन जोड दिनु पर्दछ । भ्रष्टाचार निरुपण सम्बन्धी सरकारी निकायहरुको सुधार, यसका लागि चाहिने आवश्यक पूर्वाधारहरुको व्यवस्थापन, निरोधात्मक र उपचारात्मक उपायहरु एवं निजी साझेदारीसँग सहकार्यमा जोड दिने कार्यमा संगठनको पहल रहनु अपरिहार्य देखिएको छ ।
- भ्रष्टाचारमा शून्य सहनशीलता भन्ने हाम्रो संगठनको मुद्दालाई राज्यले स्वीकार गरेको छ । यस वर्षको बजेट बक्तव्यमा शून्य सहनशीलतामा भ्रष्टाचार विरोधी अभियान संचालन गर्ने विषय उल्लेख हुनुलाई संगठनले गर्वको रुपमा लिएको छ । तर भ्रष्टाचारमा निर्लज्ज डुबेका राजनीतिक र प्रशासनिक पदाधिकारीहरुबाट शून्य सहनशीलतामा भ्रष्टाचार विरोधी अभियानको संचालन चुनौतिको विषय बनेको छ । शून्य सहनशीलतामा भ्रष्टाचार विरोधी अभियान भनेको - कसैको पनि भ्रष्टाचारजन्य गतिविधि एवं कार्यलाई सहन नगर्नु र भ्रष्टाचार विरोधी अभियानको विषय उठान गर्ने व्यक्तिका विषयमा नै सर्वप्रथम खोजी र बहस गर्ने विषय हो भन्ने कुरालाई आम नागरिक र संगठकबीच लैजाने नीति लिनु आवश्यक छ ।
- सबै जिल्ला/विभागीय कार्य समितिलाई उपयुक्त स्थानमा उजुरी पेटिका राख्नको लागि अनुरोध गरिएको छ ।

## १८. २४(घ)१ को बढुवा व्यवस्थापनमा जोड :

संगठनको लामो प्रयास र संघर्षबाट २०६४ मा प्राप्त भएको बढुवा सम्बन्धी निजामती सेवा ऐनको दफा २४(घ)१ को बढुवा ऐतिहासिक उपलब्धीका रुपमा रहे पनि यस दफामा गरिएको बढुवा सिद्धान्त विपरितका व्यवस्थाका कारण समस्या र जटिलताहरु थपिंदै गएका छन् । यसले श्रृजना गरेका असर प्रति गहन छलफल, अध्ययन र विश्लेषण हुनु पर्दछ । २४(घ)१ को बढुवा व्यवस्थापनका लागि संगठनले अझ थप सशक्तबाट आवाज उठाई दवाव दिन जरुरी छ । यस कार्यलाई सफलतामा पुर्‍याउन पेशागत संगठनहरु, राजनीतिक दल, सरोकारित पक्षहरु, प्रशासनविज्ञहरु, उच्च पदस्थ कर्मचारीहरुसँगको सहकार्यलाई जोड दिने नीतिले मात्र स्थायित्व ग्रहण २४(घ)१ व्यवस्थापनमा मद्दत पुग्ने हुँदा यसलाई संगठनले अवलम्वन गर्नु पर्दछ । २४(घ)१ बढुवा व्यवस्थापनका सन्दर्भमा संगठनबाट भएका महत्वपूर्ण गतिविधिहरु निम्नानुसार रहेका छन् :-

- नेपाल निजामती कर्मचारी संगठनद्वारा विभिन्न चरणमा २४घ१ बढुवा व्यवस्थापनका विषयमा नेपाल सरकारलाई मागपत्र, ज्ञापन पत्र र ध्यानाकर्षण पत्र प्रस्तुत ।
- निजामती क्षेत्रका क्रियाशील ट्रेड युनियन र नेपाल सरकार बीच ८४ बुँदे माग पत्रका विषयमा छलफल गर्न गठित कार्यदलको सिफारिस अनुसार २४(घ)१ बढुवा व्यवस्थापन गर्न मन्त्रिपरिषद्लाई सिफारिस ।
- २०६७ असार २ गते बैज्ञानिक सरुवा प्रणाली लागू गर्ने र २४(घ)१ बढुवा व्यवस्थापन तुरुन्त गर्ने विषयमा नेपाल सरकारलाई ज्ञापन पत्र बुझाउन जाने क्रममा केन्द्रीय कार्य समितिका अध्यक्ष लगायतका पदाधिकारी सहित ५६ जना संगठकहरु गिरफ्तार ।
- संगठनको नेतृत्वमा गत २०६८ असार ३ र ४ गते मुलुकव्यापी आन्दोलनको प्रभावले असार ४ गते नेपाल सरकारसँग वार्ता भई २४(घ)१ बढुवा व्यवस्थापनका विषयमा तत्काल कार्य प्रारम्भ गर्न संझौता ।

- २०६८ कार्तिक १८ गते संगठन दर्ता दिवसको सन्दर्भ पारेर ७५ जिल्ला कार्य समितिले प्रमुख जिल्ला अधिकारी, विभागीय कार्य समितिहरुले सम्बन्धित सचिव र केन्द्रीय कार्य समितिले मुख्य सचिव मार्फत प्रधानमन्त्रीलाई आन्दोलनका कार्यक्रम घोषणा गर्ने अल्टिमेटम सहितको ज्ञापनपत्र मार्फत दबाब श्रृजना गरेपछि निजामती सेवा ऐनको तेस्रो संशोधन विधेयक मन्त्रिपरिषद्बाट पारित भई व्यवस्थापिका संसद प्रस्तुत गर्न वाध्य वनाइएको
- २०६९सालको निजामती सेवा दिवश भन्दा अगाडीनै निजामती सेवा ऐन र स्वास्थ्य सेवा ऐन जारी नभए छुट्टै ढंगले निजामती सेवा दिवश मनाउने संगठनको दवाववाट अध्यादेश मार्फत संसोधनका लागी राष्ट्रपति समक्ष प्रस्तुत ।

### १९. संगठनको सहभागितामा जोड :

निजामती सेवा ऐन, नियमावलीमा सुधार, परिवर्तन र संशोधन हुँदा संगठनको सहभागिता रहनु पर्नेमा त्यसले पूर्णता पाउन सकेको छैन । कर्मचारी क्षेत्रमा प्रभाव पर्ने आयोग, समिति एवं कार्यदल आदिमा संगठनको सहज ढंगबाट प्रतिनिधित्व गराउन जोड दिने नीति लिनु पर्दछ । तदनुरुप प्रतिनिधित्व नभए हस्तक्षेपकारी भूमिका निर्वाह गर्ने कार्यमा निरन्तर प्रयास भैरहेको छ । आधिकारिक ट्रेड युनियनको निर्वाचन सम्पन्न नभएसम्म प्रतिनिधित्वमा समस्या रहेको छ ।

### २०. सेवा सुविधामा समान वितरणमा जोड :

- निजामती सेवा ऐन, नियमावलीमा भएका र अन्य प्रक्रियाबाट प्राप्त हुने सेवा एवं सुविधाहरुमा सवै श्रेणीको र श्रेणी भित्रमा समेत समान ढंगले वितरण गर्ने व्यवस्थालाई संगठनले जोड दिने नीति लिनु जरुरी छ । सामन्ती शोषणको प्रथालाई अन्त्य गर्न संगठनले जोड दिनु पर्दछ ।
- बैदेशिक भ्रमण, अध्ययन, तालीम, गोष्ठि, सभा सम्मेलनमा सबै तहका कर्मचारीहरुलाई न्यायोचित ढंगले अवसर प्रदान गर्नु पर्ने माग अघि सारिएको छ । बढुवाका अवसरहरु कार्यालय सहयोगीदेखि उपल्लो तहसम्म एउटै मापदण्डका आधार हुने व्यवस्थाका लागि दबाब सृजना गरिएको छ । आधारभूत तहको तलब भत्ता जीविकोपार्जन योग्य हुनु पर्दछ भन्ने विषयमा छलफल गोष्ठी र मागपत्रहरु अघि सारिएको छ ।
- एउटै तह र श्रेणीमा एउटै विधिवाट प्रवेश भएका निजामती कर्मचारीहरु पनि पदस्थापना हुँदा देखि नै अवसरमा विभेद भएको महसुस गर्ने अवस्था छ । विभिन्न कार्यालय र निकायहरुमा हुने सेवा सुविधामा हुने असमानतालाई कम गर्ने विषयमा समेत संगठनले आवाज उठाउँदै आएको छ ।
- कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली केही सीमित कार्यालयहरुमा लागू भइरहेको अवस्थामा सवै कार्यालयहरुमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली कार्यान्वयन हुनुपर्ने संगठनको माग नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालय मार्फत छलफलको क्रममा रहेको छ ।

### २०. संघीयतामा निजामती प्रशासन र ट्रेड युनियनको भूमिकामा जोड :

- संघीय शासन प्रणालीको स्वरुप निर्धारण पश्चात नै नागरिक प्रशासनको अवस्था कस्तो हुने भन्ने एकीन गर्न सम्भव हुन्छ । शासकीय स्वरुप निर्धारण भए पश्चात संगठनको (ट्रेड युनियनको) भूमिका, निजामती प्रशासनको संभावित संरचना आदिको विश्लेषण गर्न सकिन्छ । शासकीय स्वरुपको अवस्था जस्तोसुकै भएतापनि स्थायी सरकारको रुपमा रहेको नागरिक प्रशासन जनहित अनुकूल परिवर्तनमुखी हुन जरुरी छ । केन्द्र, राज्य र स्थानीय सरकार वीचको समन्वय र सहकार्यमा जोड दिंदै संगठनले तत्कालीन अवस्था अनुसार नीति निर्णय गर्नु जरुरी छ ।
- संघीयता र संघीयताको सार्वजनिक प्रशासन विषयमा संगठनको धारणा निर्माण गरी प्रशिक्षण सामग्री प्रकाशन भएको छ ।
- संघीयताको सार्वजनिक प्रशासन कस्तो बन्ने भन्ने विषयमा जिल्ला/विभागीय तथा अञ्चल प्रशिक्षण कार्यक्रमहरुमा छलफल र बहसलाई प्रवेश गराईएको छ ।

- केन्द्रीय स्तरमा सम्बन्धित मन्त्री, राजनीतिक दलका प्रतिनिधि समेतको उपस्थितिमा यस विषयमा अन्तर्क्रिया र छलफल भएको छ भने क्षेत्रीय स्तरमा समेत कार्यक्रमहरु सम्पन्न गरी हाम्रा धारणाहरु सार्वजनिक भएका छन् ।
- संगठनले यस विषयमा नेपाल सरकार र सम्बन्धित निकायमा सुझाव प्रस्तुत गरेको छ ।

## २१. प्रशासनिक विज्ञ समूह निर्माणमा जोड :

- निजामती प्रशासनका सम्बन्धमा नीति, योजना, कार्यक्रम निर्माण गरी समय समयमा आवश्यक रचनात्मक एवं श्रृजनात्मक सुझावहरु प्रस्तुत गर्ने कार्यका लागि संगठनको तर्फवाट एक **"प्रशासनिक विज्ञ समूह"** निर्माण गरी योजनाबद्ध ढंगबाट अगाडि बढ्नु जरुरी देखिएको छ ।
- संगठनभित्र प्रशासनिक विज्ञता भित्र्याउन प्रशासनिक विज्ञ समूह निर्माण गर्ने कार्य योजना अनुसार विभिन्न सेवागत समन्वय समितिहरु निर्माण भएका छन् । समितिहरु मार्फत सम्बन्धित समूह र निकायभित्र रहेका समस्याहरुलाई संगठनको मूल कार्यभार भित्र समावेश गर्ने प्रयत्न निरन्तर भईरहेको छ ।

## २२ संगठनको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि :

- अहिले निजामती प्रशासनमा वहु संगठनको मान्यता स्थापित भैसकेको अवस्था छ । हामीले हाम्रो प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न र आधिकारिक ट्रेड युनियनको निर्वाचनमा संगठनको वर्चस्व कायम गर्ने ठोस योजना बनाउनु पर्ने अवस्था छ । यसका लागि नेतृत्वको आदर्श र त्याग, पर्याप्त अध्ययन, विश्लेषण, समस्याको सहि पहिचान र समाधानका लागि ठोस उपाय, आम सदस्यहरुमा काम प्रतिको समर्पण र इमान्दारिता, संगठनको जुझारु प्रवृत्ति आदिले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ । **"प्रतिस्पर्धामा श्रेष्ठ संगठन"** भन्ने मान्यताका आधारमा अगाडि बढि रहँदा आफु स्वयम् प्रतिस्पर्धी बन्नु पर्ने भएको छ ।
- अन्तर ट्रेड युनियन प्रतिस्पर्धा मार्फत नेपाल निजामती कर्मचारी संगठनलाई उत्कृष्ट बनाउने दायित्व हामीमा छ । यो दायित्व पुरा गर्न हामी अझै बढी क्रियाशील, उर्जाशील र प्रतिस्पर्धी बन्नुपर्ने अपरिहार्यता महशुस गरिएको छ ।
- संगठनभित्रको आन्तरिक प्रतिस्पर्धालाई पनि पूर्णरुपमा खुला गरिएको छ । केन्द्रीय कार्य समितिका पदाधिकारी सदस्य अधिवेशनमा स्वतः प्रतिनिधि हुने व्यवस्था अन्त्य गरी जिल्ला/विभागीय कार्य समितिबाट प्रतिनिधित्व गर्नुपर्ने व्यवस्थाले संगठनको आन्तरिक प्रतिस्पर्धा स्वस्थ र मजबुत भएको छ ।

## २३. विदेश सम्बन्ध विस्तारमा जोड :

यस अवधिमा भारतमा सम्पन्न International Training Program on Leadership Development विषयक तालीम कार्यक्रममा संगठनका उपाध्यक्ष रेवन्त गौतम, चिनिया भाषा प्रशिक्षण कार्यक्रम चीनमा सचिव राधिका ढकाल, All India State Government Employees Federation को Golden Jubulee Celebration, 2010 विजयवाडा, भारतमा महासचिव मोहन कुमार घिमिरे, सचिवद्वय रामहरि शर्मा र ललीक बहादुर महर्जन, केन्द्रीय सदस्य खेमलाल अधिकारी, WFTU को 16th Wrold Trade Union Congress Greece मा अध्यक्ष भोलानाथ पोखरेल, बेइजिङमा Beigjing World Trade Union Forum ले आयोजना गरेको May Day Program चीनमा अध्यक्ष भोलानाथ पोखरेल र Third Conference of the Trade Union International of Agriculture, Food, Commerce, Textile and Allied Industries सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन फ्रान्समा अध्यक्ष भोलानाथ पोखरेल र सचिव शेखरनाथ दाहालले प्रतिनिधित्व गर्नु भएको थियो । WFTU को महासचिव George Mavricos सन् २०१० मा आयोजित May Day Program मा सहभागी हुन नेपाल आउनु भएको सन्दर्भमा संगठनले "नेपालका पेशाकर्मीहरुको अवस्था र कर्मचारी संगठनको भूमिका" विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । सबै बैदेशिक भ्रमणले अन्तर्राष्ट्रिय ट्रेड युनियन आन्दोलनको गतिविधि बुझ्ने, त्यहाँ भई रहेका श्रम पक्षीय सरोकारका विषय वस्तुहरुमा ऐक्यवद्धता

जनाउने, नेपाल निजामती कर्मचारी संगठनको बैदेशिक सम्बन्धलाई अझै विस्तार गर्ने कार्य भएका छन् ।

**२५. पेशागत महासंघ नेपाल विस्तारमा भूमिका :**

नेपाल निजामती कर्मचारी संगठन आवद्ध रहेको छाता संगठन पेशागत महासंघ नेपालका सबै खाले कार्यक्रम, गतिविधि, भेला, गोष्ठी, छलफल, अधिवेशनमा संगठनको तर्फबाट सक्रिय एवं नेतृत्वदायी सहभागिता भएको छ । पेशागत महासंघ नेपाल र नेपाल निजामती कर्मचारी संगठनका संरचनाभित्रका सांगठनिक कार्य र संगठन विस्तारमा देखिएको समस्या र दोहोरोपनालाई घनिभूत रुपमा छलफल गरी निकास दिने नीति यस परिषद्बाट लिनु जरुरी छ । सबै जिल्लाका पेशागत महासंघको जिल्ला समन्वय समिति गठन र संचालन गर्नका लागि संगठनको महत्वपूर्ण भूमिका र प्रयास गर्नु पर्नेछ ।

आदरणीय प्रतिनिधी तथा पर्यवेक्षक मित्रहरु,

अब म संगठनको आगामी कार्यभार र नीतिहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

(१) संक्रमणकालको अन्त्यको लागि खबरदारी गर्ने ।

मुलुकको राजनीतिक अन्योलता र संक्रमणकालको अन्त्यको लागि जिम्मेबार सबै राजनीतिक दललाई बस्तुगतढंगले खबरदारी गर्नु हामी पेशाकर्मीहरुको दायित्व हो । संगठन स्थापना काल देखिनै मानव अधिकार, लोकतन्त्र र शान्तिको पक्षमा कृयाशील रहेको छ । इतिहास र बर्तमानमा संगठनले अगाडि सारेका मुद्धा र कार्यभारहरुको सम्पन्नताका लागि समेत राजनीतिक संक्रमणताको चाँडै अन्त्य हुनु पर्दछ । अन्योलता र राजनीतिले एउटा सुस्प्रष्ट दिशा नलिदा पेशागत मुद्धाहरु समेत ओझेलमा पर्ने निश्चित छ । यसर्थ व्यापक राष्ट्रय सहमती कायम गर्दै राष्ट्रिय सहमतीको सरकार निर्माण गर्ने, आम नेपालीमा जनजिवीकाका सवाल संगै पेशागत मागहरु सम्बोधन गर्नेगरी संविधान निर्माण गर्दै संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ हाम्रा विधी र व्यवहारले संक्रमण कालको अन्त्यका लागि खबरदारी गर्नु पर्दछ ।

(२) पेशाकर्मीहरुका एजेण्डा सहीत नयाँ संविधान निर्माणमा जोड दिने ।

पेशाकर्मीहरुको एजेण्डाः (क) क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाह

(ख) सामाजिक सुरक्षा

(ग) श्रमको सम्मान

(घ) राजनीतिक सहितको ट्रेड युनियन अधिकार जस्ता विषयवस्तुलाई हामी पेशाकर्मीहरुको मौलिक हकको रुपमा समावेश गर्दै नयाँ संविधान निर्माण गर्नका लागि दबाब सृजना गर्न आवस्यक छ ।

(३) पेशाकर्मीहरुको सामाजिक सुरक्षामा जोड दिने ।

सेवाकालीन तथा सेवानिबृत्त जीवनको सामाजिक सुरक्षाका लागि वैज्ञानिक ढंगले हामीले विषय वस्तुहरुको उठान र कार्यान्वयनमा ध्यान दिन आवस्यक छ । वर्तमान ऐन, कानुन अनुसार प्राप्त भएको सामाजिक सुरक्षालाई वैज्ञानिकीकरण गर्दै सामाजिक सुरक्षामा थप आधारहरु निर्माण गर्ने प्रयास र प्रयत्न हुनु पर्दछ । शिक्षा, स्वास्थ्य, सम्मानजनक जीवनयापन, परिवारको भरणपोषण, भविष्यको सुनिश्चितता जस्ता विषयहरु सामाजिक सुरक्षाको आधार हुन । तसर्थ निम्न विषयमा संगठनको विशेष ध्यानाकर्षण हुनु पर्दछ ।

(क) निजामती अस्पतालको सेवा सुधार गर्दै अञ्चल स्तरमा सेवा विस्तार गर्न दबाब सृजना गर्ने ।

(ख) कार्यान्वयनमा रहेको सावधिक जीवन विमालाई वैज्ञानिक र पूर्ण कर्मचारी पक्षीय बनाउन दबाब दिने ।

(ग) कर्मचारी संचयकोषमा १० प्रतिशत कोषकट्टी भई रहेको अवस्थालाई २० प्रतिशत कोषकट्टी गरी सरकारको तर्फबाट २० प्रतिशत थप गर्नका लागि माग अगाडी सार्ने ।

(घ) प्रस्तावित स्वास्थ्य तथा औषधोपचार विमाको व्यवस्थालाई कार्यान्वयनमा ल्याउन दबाब दिने ।

(ङ) रु.७५००।- पोशाक भत्तालाई कम्तीमा रु. १५०००।- बनाउन दबाब दिने ।

(च) १ दिनको तलव बराबरको ग्रेडलाई कार्यान्वयनमा ल्याउन प्रयत्न गर्ने ।

(छ) असाध्ये रोगको परिभाषालाई फराकिलो बनाउदै, निजामती सेवा ऐनको परिवारलाई परिभाषा समेट्न अनुरोध गर्दै कार्यान्वयनमा रहेको उच्च शिक्षा, छात्रबृत्त योजना व्यापक र वैज्ञानिक बनाउँदै निजामती सन्तती छात्रबृत्ति कार्यान्वयन गर्न दबाब दिने ।

(झ) परिवहन सुविधा प्रणालीमा व्यापक सुधार गर्दै एकिकृत परिवहन प्यकेजको माग अगाडी सार्ने ।

(ञ) सबै जिल्लामा निजामती विद्यालय स्थापनाको लागि माग अगाडी सार्ने ।

(ट) निजामती आवाशको व्यवस्था सवै जिल्लामा कार्यान्वयनको माग अगाडी सार्दै सहुलीयतपुर्ण आवास कर्जा उपलब्ध गराउन दवाव श्रृजना गर्ने ।

(४) संगठन भित्रको सामाजिक सुरक्षाः-

सदस्यता नविकरण सगै विमाको व्यवस्था गरी संगठन भित्रको सामाजिक सुरक्षालाई मजवुद वनाउनु आवश्यक छ । सदस्यता रेर्कड व्यवस्थापनमा जवरजस्त सुधार ल्याउन, संगठन संचालन पद्धतीमा वैज्ञानिकरण गर्न, संगठन प्रतिको आकर्षण जगाउन र सामाजिक सुरक्षाको ग्यारेण्टी गर्नका लागि सदस्यता नविकरण सगै विमाको व्यवस्थालाई जोडेर लैजाने निति अगाडी वढाउनु पर्दछ । साथै असाध्ये रोग लागेमा निजामती कर्मचारी संगठनका सदस्य र परिवारलाई प्रदान गरिएको रु ५०००।- सहयोगलाई १० हजार पुऱ्याउने लक्ष्य हुनु जरुरी देखिएको छ ।

(५) भवन निर्माण र भौतिक पुर्वाधार विकासमा जोडदिनेः-

सम्भव भए सम्म सबै जिल्ला तथा विभागको आफ्नै भवन समेत निर्माण गर्दै यस आगामी कार्य अवधिमा केन्द्रीय भवन निर्माण गर्न आवश्यक छ । काठमाडौ पेप्सीकोला स्थित संगठनको नाममा रहेको ८ आना जग्गामा भवन निर्माण गर्दा दैनिक कार्यसंचालन गर्न गाह्रो पर्ने भएको हुदा सिंहदरवार आगाडी नेपाल सरकारले भोगाधिकार प्रदान गरेको जग्गामा केन्द्रीय भवन निर्माण गर्न आवश्यक छ । जग्गा प्राप्ती र खाली गर्ने कार्य सम्पन्न भएको छ । ड्रइड. डिजाइन, नक्सा पास समेत भई सकेको सर्न्दभमा आर्थिक अभियानलाई व्यापक वनाउदै भवन निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहनु पर्दछ ।

(६) पहिचान योग्य नेतृत्व विकासमा जोड दिनेः-

संगठन राजनीतिक अधिकार सहितको ट्रेड युनियन अधिकार माग गरी रहेको अवस्थामा रहेको छ । त्यसो भएको हुदा नेपाल निजामती कर्मचारी संगठनमा नेतृत्वदायी भूमिका निर्वाह गरेका अग्रज संगठकहरुको व्यवस्थापनमा विषेश ध्यान दिनु आवश्यक छ । संगठनमा लामो समय सम्म सम्पन्न गरेको नेतृत्वक्षमतालाई राजनीतिक सामाजिक आन्दोलनको क्षेत्रमा स्थापित गर्न अभिप्रेरणा, सहयोग र क्षमताविकासका लागि संगठनले सहयोग पुऱ्याउने नीति अगाडी सार्न पर्दछ ।

(७) आधिकारिक ट्रेडयुनियनको माँगः-

अधिकारको लडाई पछि हामी व्यवस्थापनको तहमा आईपुगेका छौ । संगठनको माग र दवावको फलस्वरुप प्राप्त भएको निजामती क्षेत्रको ट्रेडयुनियनलाई व्यवस्थित गर्नका लागि हाम्रा विधी र व्यवहारहरु केन्द्रीत हुनु आवश्यक छ । **"प्रतिस्पर्धामा सर्वोकृष्टता"** भन्ने संगठनको नारालाई व्यवहारिक रुपमा रुपान्तरण गर्नु आम संगठकहरुको लक्ष्य वन्नु पर्दछ । निजामती सेवा ऐन/नियमावली अनुसार कतिवटा ट्रेड युनियन दर्ता र व्यावस्थापन हुन सक्दछन् भन्ने प्रश्न आज यत्रतत्र उठेका छन् । ट्रेड युनियन आन्दोलन भित्र देखीएका अवसरवाद, अर्थवाद र अराजकतावाद चिन्तनहरुको नजिकवाट भण्डाफोर गर्नु आवश्यक छ । विभिन्न समिति/उपसमितिहरुमा ट्रेड युनियनको प्रतिनिधीत्व हुन नसकिरहेको अवस्था छ । तसर्थ ट्रेडयुनियन आन्दोलनलाई व्यवस्थापन गर्न, ट्रेड युनियन प्रतिनिधीत्वको सुनिश्चिता गर्न र वार्ता संवाद छलफल र सौदावाजीको एउटा अधिकारिक निकाय निर्माण गर्न आधिकारीक ट्रेड युनियनको माग गरी, निर्वाचन सम्पन्न गर्ने र संगठनलाई भरोसा योग्य सर्वोत्कृष्ट ट्रेड युनियन वनाउने नीति संगठनको हुनुपर्दछ ।

(८) शहीद घोषणाः-
शहीद मनोज जोशीर भ्रुपेन्द्र कार्कीलाई शहीद घोषणा गर्ने संगठनको प्रारम्भीक चरणदेखीको माग र मुद्दालाई अझै पुर्णता दिन सकिएको छैन् । संगठनले संचालन गरेका कार्यक्रमहरुमा उपस्थित सवै राजनीतिकदलका प्रतिनिधि, प्रशासकहरुले शहीदप्रति सम्मान प्रकट गर्ने, संगठनले निरन्तर मागलाई आगाडी वढाउने कार्यले मात्र हामीले शहीद घोषणा गर्ने कार्य सम्पन्न गर्न सकिदैन । यसका लागि आन्दोलनमा ठोस कार्यक्रम अगाडी वढाउन आवश्यक छ ।

(९) वैज्ञानिक चक्रिय प्रणाली निर्माणमा जोड दिनेः-
सरुवा सग सम्बन्धीत गुनासो न्युनिकरण गर्न, ट्रेड युनियनको भूमिकालाई सरुवामा संलग्नता नभएर खवरदारीमा सिमित गर्न एउटा व्यवस्थित र वैज्ञानिक सरुवा प्रणाली स्थापित गर्न आवश्यक छ । यसका लागि मापदण्डमा आधारित वैज्ञानिक सरुवा प्रणाली निर्माणमा जोड दिनु पर्दछ ।

(१०) संघीयतामा सार्वजनिक प्रशासन सम्बन्धी वहस र छलफलः-
मुलुक व्यवस्थित ढंगले संघियतामा गयो भन्ने संघियताको सार्वजनिक प्रशासन कस्तो वन्ने भन्ने विषयमा व्यापक छलफल वहस र निष्कर्षको आवश्यकता छ । हामीले अगाडी सारेको निचोड केन्द्रिय, प्रान्तीय र स्थानियस्तरको प्रशासनिक संरचना निर्माण, योग्यता प्रणालीवाट कर्मचारी भर्ना गर्न केन्द्र र प्रान्तमा छुट्टा छुटै लोकसेवा आयोग गठन, सरकारले गर्नु पर्ने कामका लागि अनिर्वाय रुपमा स्थायी कर्मचारी लिने व्यवस्था गर्न , पेशाविद्, व्यवस्थापकिय र सहायक कर्मचारीको व्यवस्था, प्रान्तीय र केन्द्रीय गरी २ तहको न्यायीक व्यावस्था, सेना र ससस्त्र प्रहरी केन्द्रीत तर जनपद प्रहरी प्रान्तीय वन्ने व्यावस्था र हाल कार्यरत कर्मचारीलाई छनौटको अवसर, विद्यमान सेवा सुविधाहरुमा छटौती नहुने ग्यारेण्टी, प्रान्त र स्थानिय सरकारमा जादा एकतह वढुवा स्थानिय सरकार सम्म ट्रेड युनियनको व्यावस्था जस्ता विषयलाई अगाडी सार्न आवश्यक छ ।

(११) सहकारी आन्दोलनमा जोडः-
सवै जिल्लामा सहकारी स्थापना, सहकारी संचालनमा एकरुपता, मुलुकभर स्थापना भएका सहकारीहरुको अन्तर सम्वन्ध नेर्टवकिङ्ग, संगठनको नियमित अनुगमन र टिपोटिङ्ग, संगठन र सहकारीको अन्तर सम्बन्ध निर्माण गर्दै एकिकृत लगानी अगाडी वढाउने तर्फ हाम्रो कार्यभार अगाडी वढनु पर्दछ ।

(१२) पुर्व अनुमानयोग्य वढुवा प्रणालीमा जोड दिदै २४घ१ वढुवा व्यवस्थापन गर्ने :-
संगठनको दवावको फलस्वरुप सम्मानिनय राष्ट्रपति कहाँ पुगेको निजामती सेवा ऐनको संसोधन अध्यादेश तत्काल स्विकृत गर्नका लागि दवावको कार्यक्रम अगाडी सार्न आवश्यक छ । निजामती सेवा ऐनको पछिल्लो संसोधन ले ल्याएको कार्यसम्पादनमा आधारित वढुवा प्रणाली वढुवा सम्वन्धी विषेश व्यवस्था २४घ१लाई जेष्ठतामा आधारित वढुवा प्रणाली कायम गर्दै पुर्ण समाधान तिर हाम्रो कार्यभार अगाडी वढनु पर्दछ ।

(१३) भ्रष्टाचार विरोधी अभियान संचालन गर्नेः-भ्रष्टाचार नियन्त्रणका लागी स्थापित निकायहरुको सहकार्यमा संचालन मुलक कार्यक्रम संचालन गर्ने, विरोधात्मक र उपचाररात्मक उपायहरु अवलम्वन गर्ने कार्यमा जोडदिनु आवश्यक छ । यसका लागि संगठनले सुचक.......को रुपमा कार्य गर्नु पर्ने हुन्छ ।

(१४) नवप्रवेशीलाई आकर्षक गराउनेः- लक्ष्य सहितको संगठन विस्तारलाई जोडदिदै नवप्रवेशीहरुलाई संगठनप्रति आकर्षशित गराउने योजना अगाडी सार्न आवश्यक छ । संगठनको प्रभाव जुन क्षेत्रमा कमजोर देखीएको छ । हामीले सोहि क्षेत्रमा गति प्रदान गर्नुपर्ने हुन्छ । समावेशीकरण विशेषगरी दलित, जनजाति ,मधेशी अपाङ्ग र महिला क्षेत्रका कामहरुलाई विशेष प्राथमिकता दिएर अगाडी वढ्नु पर्दछ । दुगर्म हिमाली जिल्ला/तराई मधेशका केहि जिल्ला र सेवा संचालन गर्ने निकायहरुमा लोकसेवाको पहिलो पोष्टीङ्ग हुने गर्दछ । हामीले सोहि जिल्ला र निकायहरुमा संगठन प्रवेशको आकर्षण गर्ने कार्यक्रम संचालन गर्नु पर्दछ ।

(१५) पद्धति निर्माण र आचरण कार्यशैली सुधारमा जोडः- पद, प्रतिष्ठा र सुविधा जस्ता विषयवस्तु हरु मतभेद र द्धन्दका कारण हुन भने समाधानको उपाय पद्धतिनिर्माण र कार्यसंस्कृतिमा सुधार नै हुन तसर्थ हाम्रो ध्यान पद्धति निर्माण गर्ने, कार्यसंस्कृतिको सुरुवात आफैवाट गर्ने तर्फ हुनु पर्दछ ।

(१६) शान्ति सुरक्षा र कार्यथलोको सुरक्षको ग्यारेण्टीः- निहत्था राष्ट्रसेवकहरुको जिवन र कार्यथलोको सुरक्षाको ग्यारेण्टी गर्ने विषय सरकार र सुरक्षाकर्मीको मात्र नभएर आम नागरीक र सेवाग्राहीको पनि हो भन्ने विषयलाई व्यापकरुपमा प्रचार प्रसार र खवरदारी गर्दै शान्ति सुरक्षाको ग्यारेण्टी गर्ने विषयलाई संगठनले कार्यक्रमिक रुपले अगाडी लैजान आवश्यक छ ।

(१७) विज्ञसमुह निर्माणमा जोडः- एउटा व्यक्ति सवै विषयको विज्ञ वन्न सक्दैन तर अवको ट्रेडयुनियन आन्दोलनको नेतृत्व गर्दै गर्दा धेरै विषयमा विज्ञता हासिल गर्नु चाहि आवश्यक छ । तसर्थ राजनितिक, सामाजिक, आर्थिक प्रशासनिक, ट्रेडयुनियन आन्दोलन लगायतमा विषयहरुका धारणा अगाडी सार्नका लागि , गतिविधि अगाडी वढाउनका लागि संगठन भित्र विज्ञ समुह निर्माण गर्नु आजको आवश्यकता देखिन्छ ।

(१८) अवसरवादी, अर्थवादी, अराजकतावादी चिन्तनको भण्डाफोर गर्नेः- सार्वजनिक प्रशासन तथा ट्रेडयुनियन आन्दोलन भित्र देखिएका तिन **"अ"** प्रवृति(अवसरवाद, अर्थवाद, अराजकतावाद) हरुको नजीकवाट खवरदारी र भण्डाफोर गर्न आवश्यक छ ।

(१९) राजनिति र प्रशासन विचको सिमा निदिष्ट गर्नेः- मुलुकमा राजनितिले प्रशासनलाई र प्रशासनले राजनितिलाई पुर्णभरोसा गर्न पनि नसकिरहेको , राजनितिले प्रशासन माथि हस्तक्षेप गरीरहेको अनि प्रशासनले समेत राजनितिक हस्तक्षेप विना आफ्ना निर्णय अगाडी सार्न नसकिरहेको अवस्थाको मुल्याङ्कन गर्दै राजनिति र प्रशासनको सिमा रेखा निदिष्ट गर्ने योजनाका साथ संगठन अगाडी वढ्नु पर्दछ ।

(२०) प्रतिस्पर्धी क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गर्नेः- समाज सवै ढंगले प्रतिस्पर्धी वन्दै गइरहेको छ । संगठन संचालनमा समेत धेरै खाले प्रतिस्पर्धाहरु थपिएका छन । नयाँ नयाँ प्रवधिसग परिचित वन्ने, दक्षता विकास र व्यावस्थापकिय क्षमता विकाश गर्ने, राष्ट्रिय/अन्तर्राष्ट्रिय ट्रेडयुनियन आन्दोलनलाई विश्लेषण गर्ने, नविनतम सूचना प्रविधीलाई अंगिकार गर्दै सागठानिक कार्यमा छिटो छरितोपना भित्त्रीयाउने, रचनात्मक तथा अतिरिक्त कृयाकलाप संचालन गर्ने जस्ता क्षमता अभिवृद्धिका कार्यक्रम संचालन तर्फ हाम्रो ध्यान जानु पर्दछ ।

(२१) जनसरोकार सम्वन्धी खवरदारी गर्नेः- महंगी, कृतिम अभाव, भ्रष्टाचार, अनियमितता, लोडसेडिङ्ग, सिण्डीकेट कार्टेलिङ्ग, खाद्यन्य अभाव, कृषिमल विउविजनको अभाव, प्राकृतिक श्रोत साधनाको अतिदोहन, शान्तिसुरक्षाको खस्कदो स्थिती जस्ता जनसरोकारका विषय तथा स्थानीय समस्याका विषयमा जनसमुदाय सँग मिली विरोध अभियान संचालन गर्ने कार्यक्रमहरु तय गर्नु पर्दछ ।